२०६७, वैशाख - २

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष १९, अङ्क २ | २०६७, वैशाख १६ – ३१ | पूर्णाङ्क ४२८



प्रकाशक

# सर्वोच्च अदालत
## रामशाहपथ, काठमाडौं
फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२६५१ (सम्पादन), २६५० (छापाखाना), २१०९ (विक्री)
फ्याक्स: ४२६२८७८, पो.ब.नं. २०४३८
**Email:** infor@supremecourt.gov.np, Web: www.supremecourt.gov.np



## सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री प्रकाश वस्ती | - अध्यक्ष |
| सहरजिष्ट्रार श्री विपुल न्यौपाने | - सदस्य |
| सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा | - सचिव |

**सम्पादन शाखामा कार्यरत कर्मचारीहरू**

कम्प्युटर अधिकृत श्री शम्भुप्रसाद आचार्य
मुद्रण अधिकृत श्री उत्सव कान्छा महर्जन
ना.सु.श्री कृष्णवहादुर गुरुङ
ना.सु.श्री सम्झना सिम्खडा पुडासैनी
डि. श्री सरस्वती खड्का
कार्यालय सहयोगी श्री कृष्णवहादुर श्रेष्ठ


**२०६७ वैशाख १६ देखि ३१ सम्म विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | ५ |
| पूर्ण इजलास | १ |
| संयुक्त इजलास | १० |
| इजलास नं. १ | १३ |
| इजलास नं. २ | २ |
| इजलास नं. ३ | ४ |
| इजलास नं. ४ | १ |
| इजलास नं. ५ | ४ |
| इजलास न.. ६ | ७ |
| इजलास नं. ७ | २२ |

| | |
|---|---|
| इजलास नं. ९ | ६ |
| इजलास नं १० | १३ |
| एकल इजलास | २ |
| **जम्मा** | **९०** |

**यो समाचार बुलेटिन हो । निर्णय संक्षेपीकरण गर्दा इजलासले नै प्रयोग गरेका शब्द यहाँ नपरेका पनि हुन सक्दछन् । यहाँ उल्लिखित निर्णयहरूको नक्कल लिन सकिनेछ ।**

## २०६७ साल वैशाख १६ देखि ३१ गतेसम्म मुद्दाको लगत फछ्र्यौट विवरण

| क्र.सं | बिषयगत मुद्धा | | लगत | | | फछ्र्यौट संख्या | बांकी |
|---|---|---|---|---|---|---|---|
| | | | जिम्मेवारी सरेको | यस वर्ष परेको | जम्मा | | |
| 1= | पुनरावेदनपत्र | देवानी पुनरावेदन | ३६५२ | ९५२ | ४६०४ | १५५९ | ३०४५ |
| 2= | | फौजदारी पुनरावेदन | २३६८ | ६८३ | ३०५१ | ९२० | २१३१ |
| 3= | | देवानी पूर्ण इजलास | ६७ | १८ | ८५ | ६९ | १६ |
| 4= | | फौजदारी पूर्ण इजलास | ३६ | ७ | ४३ | ४० | ३ |
| 5= | रिट निवेदन | वन्दीप्रत्यक्षीकरण | ३ | ५८ | ६१ | ५३ | ८ |
| 6= | | साधारण रिट | २६०१ | १०७९ | ३६८० | ११८७ | २४९३ |
| 7= | | पूर्ण रिट | १० | ८ | १८ | ९ | ९ |
| 8= | | विशेष रिट | ६४ | ४८ | ११२ | ६६ | ४६ |
| 9= | साधक | साधक | ८७ | ७२ | १५९ | ७१ | ८८ |
| 10= | दोहोर्‍याई पाऊँ | दोहोर्‍याई पाऊँ देवानी | १०९४ | ७३७ | १८३१ | १०५८ | ७७३ |
| 11= | | दोहोर्‍याई पाऊँ फौजदारी | ३६४ | २८३ | ६४७ | ३७९ | २६८ |
| 12= | पुनरावलोकन | पुनरावलोकनको निवेदन | ३२७ | ३७४ | ७०१ | २१६ | ४८५ |
| 13= | अनुमति | पुनराबेदनको अनुमति निवेदन | १०५ | २८ | १३३ | ४३ | ९० |
| 14= | विविध | विविध | ७२ | १९ | ९१ | ३० | ६१ |
| 15= | निवेदन प्रतिवेदन | निवेदन | १० | २७९ | २८९ | १७९ | ११० |
| 16= | | प्रतिवेदन | १४ | १४३ | १५७ | ९३ | ६४ |
| | | जम्मा | १०८७४ | ४७८८ | १५६६२ | ५९७२ | ९६९० |

## २०६७ साल वैशाख १६ देखि ३१ गतेसम्मको मुद्दातर्फको संख्यात्मक विवरण

| | | | |
|---|---|---|---|
| (क) कार्यदिन | १३ | (ङ) आदेश संख्या | १८० |
| (ख) पेशी चढेका मुद्दा संख्या | २०१७ | (च) फछ्र्योट संख्या | २४८ |
| (ग) कानून व्यवसायीद्वारा स्थगित भएका मुद्दा संख्या | ७९५ | (छ) हेर्न नभ्याएका | ६८२ |
| (घ) हेर्न नमिल्ने मुद्दा संख्या | १०५ | (ज) नि.सु. संख्या | ७ |

## समूहकृत (अभियान) मुद्दाहरूको २०६७ वैशाख ३१ गतेसम्मको स्थिति

| समूह | कूल मुद्दा | फैसला | | | हेर्दाहेर्दै | नि.सु. | मेलमिलापमा गएको | बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | | अघिल्लो अवधिसम्म | यस अवधिसम्म | जम्मा | | | | |
| फौजदारी | ३६५ | १९१ | २ | १९३ | १३४ | ४ | ३४ | १७२ |
| देवानी | ११८१ | ९०० | ४८ | ९४८ | १ | ६ | | २३५ |
| रिट/वाणिज्य | ३३६ | २८५ | ६ | २९१ | २ | | | ४५ |

---

**उद्धरणः** *सअ* बुलेटिन २०६... ... १ वा २ पूर्णाङ्क .... , पृष्ठ ....
(साल) (महिना)

**उदाहरणार्थः** *सअ* बुलेटिन, २०६७, वैशाख - २, पूर्णाङ्क ४२८, पृष्ठ ११

का.जि.द.नं. ३९।०४९।०५०

**नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन**
**अब हाम्रो वेभसाइटमा उपलव्ध छन्**

<u>ठेगाना</u>

**www.supremecourt .gov.np**

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन**मा क्लिक गर्नुहोस् ।
- २०६६ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढन र अर्को निर्णय नभएसम्म निःशुल्क डाउनलोड गर्न सकिनेछ ।

**नेपाल कानून आयोगको वेभसाइटमा संविधान समेत हालसम्म २५० जति ऐनहरू र तीमध्ये १०० वटा जति ऐनको अंग्रेजी अनुवाद निःशुल्क पढन र डाउनलोड गर्न सकिनेछ ।**

<u>ठेगाना</u>

**www.lawcommission .gov.np**

मूल्य रु.१५।-

मुद्रकः   सर्वोच्च अदालत, छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषय सूची

| क्र.सं | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| | | **विशेष इजलास** | १-३ |
| 1= | उत्प्रेषण | भरतकुमार प्रसाई वि. मन्त्रिपरिषद्को कार्यालय | |
| 2= | उत्प्रेषण | अच्यूतप्रसाद खरेल वि. मन्त्रिपरिषद्को कार्यालय | |
| 3= | उत्प्रेषण | नरेशकुमार प्रधान वि. मन्त्रिपरिषद्को कार्यालय | |
| 4= | उत्प्रेषण | गोवर्दनलाल नकर्मी वि. मन्त्रिपरिषद्को कार्यालय | |
| 5= | उत्प्रेषण | लक्ष्मीप्रसाद पोखरेल वि. नेपाल कानून व्यवसायी परिषद् समेत | |
| | | **पूर्ण इजलास** | ३ |
| 6= | मोही कायम | विष्णुदेव राउत कुर्मी वि. गुठी संस्थान कार्यालय जनकपुर | |
| | | **संयुक्त इजलास** | ४-६ |
| 7= | अंश चलन | शुकलक्ष्मी लामा समेत वि. सोमबहादुर लामा | |
| 8= | भ्रष्टाचार | सनतकुमार रेग्मी वि. नेपाल सरकार | |
| 9= | ठगी | छत्रमान श्रेष्ठ वि.दीपक मास्के समेत | |
| 10= | जीउ मास्ने बेच्ने | कमली यादव वि. नेपाल सरकार समेत | |
| 11= | भ्रष्टाचार | नेपाल सरकार वि. बसन्तकुमार कुँवर समेत | |
| 12= | डाँका | नेपाल सरकार वि. पदम मानन्धर समेत | |
| 13= | कर्तव्य ज्यान | क्षेत्रबहादुर शाही वि. नेपाल सरकार | |
| 14= | लागू औषध | प्रदीपकुमार शाह वि. नेपाल सरकार समेत | |
| 15= | उत्प्रेषणयुक्त परमादेश | केशव अर्याल वि. काठमाडौं जिल्ला अदालत | |
| | | **इजलास नं. १** | ६-९ |
| 16= | सवारी ज्यान | खुमबहादुर ढुङ्गाना वि.नेपाल सरकार | |
| 17= | यातना तथा क्षतिपूर्ति | जिल्ला प्रहरी कार्यालय बाग्लुङ्ग वि. राजेन्द्रबहादुर के.सी | |
| 18= | अंश दर्ता | रामप्रसाद महतो चाई समेत वि. रामलखन महतो चाई | |
| 19= | मोल बिगो भराई पाऊँ | पदमबहादुर महत वि. भैरवनाथ गुठी व्यवस्थापन समिति जुम्ला | |
| 20= | बाली विगो | मगलु बरै वि. जगमोहन बरै | |
| 21= | लिखत बदर | लाल महमद धुनिया वि. रामदेव पण्डित कुम्हार | |
| 22= | उत्प्रेषण परमादेश | प्रदीप शिल्पकार समेत वि. पुनरावेदन अदालत पाटन समेत | |
| 23= | जालसाजी | जोगेन्द्र यादव समेत वि. मनरुपीयादेवी यादव समेत | |
| 24= | अंश | जोगेन्द्र यादव समेत वि. मनरुपीयादेवी यादव समेत | |
| 25= | उत्प्रेषण परमादेश | राजेन्द्र खनाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय समेत | |
| | | **इजलास नं. २** | ९-१० |
| 26= | उत्प्रेषण | सुजित मुन्दुल वि. श्रम अदालत | |
| 27= | उत्प्रेषण प्रतिषेध | माधवप्रसाद भण्डारी वि. जलश्रोत मन्त्रालय समेत | |
| 28= | उत्प्रेषण | गगनबहादुर कार्की वि. गृह मन्त्रालय समेत | |
| 29= | बाली विगो भराइपाऊँ | गंगादत्त जोशी वि. शान्तिदेवी खत्री समेत | |
| 30= | कर्तव्य ज्यान | नेपाल सरकार वि. बालकृष्ण ढुङेल समेत | |
| 31= | जग्गा दर्ता | देवी बरै वि. रामानन्द राउत बरै समेत | |
| | | **इजलास नं. ४** | ११ |
| 32= | उत्प्रेषण | देवीचरणप्रसाद केवट वि. जिल्ला शिक्षा कार्यालय रुपन्देही समेत | |
| | | **इजलास नं. ५** | ११-१२ |
| 33= | बन्दी प्रत्यक्षीकरण | रवि दाहाल वि. राजु अधिकारी समेत | |
| 34= | उत्प्रेषण परमादेश | खेमजंग पाण्डे वि. नेपाल वायुसेवा निगम समेत | |
| 35= | चोरी | शेष रईस आलम वि. नेपाल सरकार | |
| 36= | उत्प्रेषण | महेशकुमार थपलिया वि. नेपाल सरकार | |
| | | **इजलास नं. ६** | १३-१४ |
| 37= | उत्प्रेषण | सुशील महर्जन वि. सानुमैया महर्जन समेत | |
| 38= | उत्प्रेषण परमादेश | गजेन्द्र विक्रम राणा वि. क्षेत्रीय प्रहरी कार्यालय सुर्खेत समेत | |

| | | |
|---|---|---|
| 39= | उत्प्रेषणयुक्त परमादेश | प्रल्हाद (चौधरी) थारु वि. जिल्ला प्रहरी कार्यालय सिरहा समेत |
| 40= | उत्प्रेषण | खगराज आचार्य वि. पुनरावेदन अदालत बुटवल समेत |
| 41= | उत्प्रेषणयुक्त परमादेश | सोनाम तामाङ्ग समेत वि. काठमाडौं उपत्यका नगर विकास समिति समेत |
| 42= | उत्प्रेषणयुक्त परमादेश | आनन्दप्रसाद श्रेष्ठ वि. पुनरावेदन अदालत हेटौंडा समेत |
| 43= | उत्प्रेषणयुक्त परमादेश | आनन्दप्रसाद श्रेष्ठ वि. पुनरावेदन अदालत हेटौंडा समेत |
| **इजलास नं. ७** | | १५-१९ |
| 44= | बाटो हक कायम | जलकृष्ण श्रेष्ठ समेत वि. तीर्थमाया श्रेष्ठ |
| 45= | निषेधाज्ञा | प्रेमकुमार श्रेष्ठ वि. जिल्ला प्रशासन कार्यालय सप्तरी |
| 46= | उत्प्रेषणयुक्त परमादेश | प्रेमकुमार श्रेष्ठ वि. मालपोत कार्यालय सप्तरी समेत |
| 47= | दायित्व पूरा गराई पाऊँ | रतनलाल अग्रवाल वि. नेपाल बिटुमिन तथा ब्यारेल उद्योग |
| 48= | दर्ता बदर | हरिनारायण मिश्र वि.रामसोभित मण्डल |
| 49= | जग्गा खिचोला | महावीर साह वि. गुदी देवी सरदार्नी |
| 50= | हक कायम | मालपोत कार्यालय धनकुटा वि. प्रेमबहादुर कुँवर |
| 51= | मोही लगत कट्टा | सुरेशकुमार चौधरी वि. शनिलाल माझी |
| 52= | फैसला बदर | राम खेलावन खत्वे वि.कृष्णकला खंग |
| 53= | अंश दपोट | राम खेलावन खत्वे वि. रामजीवन खंग समेत |
| 54= | स्रेस्ता बदर दर्ता बदर | रामस्वरुप चौधरी वि. केवल महतो |
| 55= | निर्णय बदर | सूर्यकुमार विमली वि. गुठी संस्थान के.का. समेत |
| 56= | छूट जग्गा दर्ता | मालपोत कार्यालय काभ्रेपलाञ्चोक वि. कर्णबहादुर श्रेष्ठ |
| 57= | उत्प्रेषण | रामानन्द छिपी वि. पुनरावेदन अदालत बुटवल समेत |

| | | |
|---|---|---|
| 58= | परमादेश | गीतादेवी मरोडिया वि. राष्ट्रिय वाणिज्य बैंक के.का. समेत |
| 59= | उत्प्रेषण | कान्छाभाई सुवाल वि. कृष्णबहादुर सुवाल समेत |
| **इजलास नं. ९** | | १९-२० |
| 60= | उत्प्रेषण परमादेश | जगतबहादुर डंगोल वि. शिक्षक सेवा आयोग भक्तपुर समेत |
| 61= | उत्प्रेषण परमादेश | काजीमान लामा वि. पुनरावेदन अदालत पोखरा समेत |
| 62= | अंश चलन | सुरेन्द्र चौधरी वि. भिखम दास चौधरी समेत |
| **इजलास नं. १०** | | २१-२४ |
| 63= | करार भंग क्षतिपूर्ति | महेश हमाल वि. जीवनकुमार समेत |
| 64= | हक कायम | नानीछोरी कपाली समेत वि. मदनेश्वरानन्द बैद्य समेत |
| 65= | अंश चलन | सवमुद्दिन मिया समेत वि. सफिद रहमान मिया समेत |
| 66= | बाटो कायम | सीरकुमारी गुरुङ वि. मीनबहादुर खत्री समेत |
| 67= | उत्प्रेषणयुक्त परमादेश | राजेश गौतम वि. प्रशासकीय अदालत समेत |
| 68= | उत्प्रेषण परमादेश | मनोज पौडेल वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत |
| 69= | उत्प्रेषण | शिवमंगलप्रसाद शाह तेली वि. पुनरावेदन अदालत हेटौंडा समेत |
| 70= | उत्प्रेषण | डा. हरिश्चन्द्र उप्रेती वि. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान बीर अस्पताल समेत |
| 71= | उत्पेषण | दिलकृष्ण श्रेष्ठ वि.स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत |
| 72= | भ्रष्टाचार | अम्बिकाप्रसाद उपाध्याय वि. नेपाल सरकार समेत |
| **एकल इजलास** | | २४ |
| 73= | उत्प्रेषण परमादेश | सुन्तली तामाङ वि. आपूर्ति मन्त्रालय समेत |
| 74= | उत्प्रेषण | बसन्तबहादुर श्रेष्ठ समेत वि. पुनरावेदन अदालत पाटन समेत |

**विशेष इजलास**

१

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ, मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, रिट नं. २०६६-WS-००२९, उत्प्रेषण समेत, *भरतकुमार प्रसाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

जुन कानूनले अधिकार दिएको हो सो कानूनअन्तर्गत बनेको र सो कानूनसँग बाधा विरोध भएको भन्ने पनि दावी नरहेको अवस्थामा उक्त विनियमलाई उक्त ऐन, नियमको अनुकूल नै रहेको भनी मान्नु पर्ने । आफ्नो आन्तरिक व्यवस्थापनका लागि आवश्यक विनियमहरू बनाउन सक्ने संस्थानको अधिकारमा प्रश्न गर्न नसकिने ।

पदाबधिका आधारमा अवकाश दिने विनियमावलीको व्यवस्था यी निवेदकलाई मात्र आकर्षित हुने नभै संस्थानको सेवामा रही दशौं र एघारौं तहमा कार्यरत सबै कर्मचारीमा आकर्षित हुने ।

संस्थानमा समान तहमा कार्यरत् सबैलाई समान रुपमा लागू हुने कानूनी व्यवस्थाले कोही व्यक्ति विशेषलाई प्रभावित तुल्याएको भन्ने मात्र आधारमा असमान व्यवहार भएको भन्ने दावी गर्न सकिने हुँदैन । कुनै व्यक्ति विशेषलाई लक्षित नगरिएको कानूनी व्यवस्थालाई बिनाआधार शंकाको घेरामा राखी समानताको हकसँग जोड्नु व्याख्यात्मक दृष्टिले पनि उचित नहुने ।

शर्त वा योग्यता तोक्दा कुनै व्यक्ति विशेषलाई मात्र बञ्चित गर्ने नियत राखिएको अवस्थामा त्यस्तो शर्त र योग्यता तोकिएको क्रियामाथि प्रश्न उठाउन सकिने हुन्छ । तर समान अवस्थाका सबैलाई समान रुपमा आकर्षित हुने गरी तोकिएको शर्तलाई अन्यथा भन्न नसकिने ।

लामो समयसम्म संस्थानको सेवामा सेवारत् रही पदाबधिका कारणले सेवा निवृत्त हुनुपर्ने विषय रोजगारीको हकसँग सम्बन्धित विषय हुन नसक्ने ।

विनियमावलीमा हुँदै आएका संशोधनमध्ये दशौं संशोधनबाट निवेदक कार्यरत् पदको पदाबधि निश्चित गरिएको कारणले गर्दा निवेदकलाई अनिवार्य अबकाश दिइएको कुरा स्पष्ट नै छ । उक्त संशोधित व्यवस्था निवेदकको हकमा मात्र आकर्षित हुने व्यवस्था नभै निवेदक सरहका अन्य कर्मचारीमा पनि आकर्षित हुने हुँदा त्यसलाई विभेदपूर्ण वा निवेदकको पेशा, रोजगारीको हकमा आघात पुऱ्याउने गरी गरिएको व्यवस्थाको संज्ञा दिन नसकिने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६७ साल वैशाख २ गते रोज ५ शुभम्

२

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या. श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती**, रिट नं. २०६६-WS-००१२, उत्प्रेषण, *अच्यूतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निजामती कर्मचारी र सेना वा प्रहरीको काम, कर्तव्य र अधिकार नै फरक फरक हुन्छ । त्यसैले एउटै कानूनद्वारा सबै प्रकृतिको सेवाको सञ्चालन र व्यवस्थापन सम्भव हुँदैन । सेना तथा प्रहरी संगठन भनेको कठोर अनुशासनमा रहनु पर्ने संगठन हो, त्यसको संगठनात्मक स्वरुप, पदासोपन, त्यसभित्र रहनु पर्ने Chain of command र त्यहाँ कार्यरत् जनशक्तिको कार्य प्रकृति समेतलाई दृष्टिगत गर्दा त्यसलाई निजामती सेवा वा अन्य कुनै पनि सरकारी सेवासँग तुलना गर्न सकिदैन र तुलना गर्न पनि नहुने ।

सेना र प्रहरी संगठनको संवेदनशीलता र उनीहरूले निर्वाह गर्नुपर्ने भूमिका समेतलाई ख्याल नराखी अन्य सरकारी सेवाअन्तर्गतका जनशक्तिका लागि निश्चित गरिएको सेवाका शर्तहरूसँग तुलना गर्नु प्रासांगिक, सान्दर्भिक र औचित्यपूर्ण हुँदैन । तसर्थ निजामती सेवा ऐन, नियमसँग तुलना गर्दै सेवा, प्रहरी र सशस्त्र प्रहरीको सेवामा कायम

रहेको दर्जा वा पद घटाउने प्रावधान सार्वजनिक प्रशासनको मूल्य र मान्यता विरुद्ध रहेको भन्ने निवेदन जिकीरसँग सहमत हुन नसकिने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६६ साल चैत २६ गते रोज ५ शुभम्

३

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती**, रिट नं. २०६४-ws-००३१, उत्प्रेषण, *नरेशकुमार प्रधान वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

आफू अनुकूल नरहेको अमुक नियमको व्यवस्था संविधान एवं मातृ कानूनसँग वाझिएको भनी सतही आधार उल्लेख गरी दावी लिनु मात्र पर्याप्त हुँदैन, सो नियको व्यवस्थाले संविधानद्वारा प्रदत्त हकमा प्रत्यक्ष असर पुऱ्याएको वा अनुचित वन्देज लगाएको कुरा तथ्यपरक आधार देखाई पुष्टि गर्नुपर्ने पनि हुन्छ । आफूले बढुवा पाउनेसम्म अपेक्षा गरी विनाआधार नियमको व्यवस्था वाझिाएको भनी लिएको दावी पुष्टि हुने सन्तोषप्रद आधार उल्लेख हुनुपर्ने ।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६६ साल पुस ३० गते रोज ५ शुभम्

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा**, रिट नं. ०६४-ws-०००१, उत्प्रेषण समेत, *गोवर्दनलाल नकर्मी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

समानताको विषयमा बहस गरी रहँदा असमान भयो भनिएको कुराबाट व्यक्ति वा समाजलाई के कस्तो सकारात्मक वा नकारात्मक परिणाम सिर्जना भएको छ र सो व्यवस्था हटाउँदा के कस्तो सकारात्मक वा नकारात्मक परिणाम सिर्जना हुन्छ जसले गर्दा निवेदक लगायत आमजनमानसलाई लाभ पुग्दछ भन्ने कुराको लेखाजोखा र तार्किक एवं वस्तुनिष्ठ विश्लेषण हुनुपर्दछ । केवल कानूनमा प्रयुक्त भएको भाषा वा स्वरुपको सतही विश्लेषणबाट मात्र अमुक कानून भेदभावजन्य रहेछ भनी निष्कर्षमा पुगिहाल्नु उचित नहुने ।

कस्तो कार्य वा घटनालाई कसूर मान्ने वा नमान्ने भन्ने प्रश्न मूलतः विधायिकी नीतिसँग सम्बन्धित विषय भएकाले राज्यको दण्ड नीतिसँग सम्बन्धित त्यस्तो विषयमा यस अदालतले हस्तक्षेप गरी यो यस्तो कार्यलाई कसूर मानी यो यति सजायको व्यवस्था हुनुपर्दछ भनी औंल्याउन नमिल्ने ।

सम्वन्ध विच्छेद् गर्न चाहने स्वास्नी मानिसलाई उसको लोग्नेबाट अंश दिलाउन प्रथमतः त्यस्तो लोग्नेले नै अंश लिएको वा निजको अंश भाग यकीन हुनुपर्ने भएकाले सो प्रयोजनका लागि मात्र दायदाती माग्ने वा अंशबण्डा गर्न आदेश दिने भन्ने मुलुकी ऐन लोग्ने स्वास्नीको महलको ४क नं. को व्यवस्था हुँदा त्यसलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः नारायण सुवेदी

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६६ साल मंसिर ११ गते रोज ५ शुभम्

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या. श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती**, रिट नं. २०६६-ws-००२१, उत्प्रेषण समेत, *लक्ष्मीप्रसाद पोखरेल वि. नेपाल कानून व्यवसायी परिषद् समेत*

ऐनअन्तर्गत बनेको नियमले तोकेको शर्तका आधारमा मात्र निर्वाचनमा भाग लिन पाउने अधिकार सिर्जना हुन सक्छ भन्ने कुरामा विवाद गर्न मिल्दैन र पार्षदको निर्वाचनमा भाग लिने विषयलाई निःशर्त बनाइनु पर्दछ भन्ने माग गरिनु कानूनसंगत तथा औचित्यपूर्ण समेत नहुने ।

कानूनी व्यवस्थालाई निवेदकले चुनौती दिन नसकेको अवस्थामा कानूनबमोजिम भए गरेको कार्यलाई अन्यथा भन्न मिल्ने हुँदैन । निवेदकले शुल्क तोक्न सक्ने नियममा रहेको

साविकको प्रावधानलाई चुनौती नदिएको र नियममा संशोधनपछि कायम भएको हालको प्रावधानलाई समेत चुनौती दिएको नदेखिएको अवस्थामा सो नियमबमोजिम प्रकाशित सूचनालाई मात्र बदर गरिपाऊँ भन्ने निवेदन दावी स्वयंमा पूर्ण, सान्दर्भिक र प्रासांगिक समेत मान्न नमिल्ने ।

परिषद्को गठन विधि, स्थापनाको आधार, सञ्चालन विधि तथा कोषमा जम्मा हुने रकमसम्बन्धी व्यवस्थाहरूबाट परिषदमा सरकारको शेयर स्वामित्व अथवा यसको जायजेथामा सरकारको स्वामित्व रहने कानूनी आधार देखिन नआएबाट परिषद्को लेखा परीक्षणको सन्दर्भमा संविधानको धारा १२३ को उपधारा (२) को संवैधानिक व्यवस्था प्रासांगिक हुने अवस्था नदेखिने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६७ साल वैशाख ९ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री अवधेशकुमार यादव**, रिट नं. २०६५-WS-००३०, मोही कायम, *विष्णुदेव राउत कुर्मी वि. गुठी संस्थान शाखा कार्यालय जनकपुर*

एकपटक कानूनबमोजिम न्यायिक निरुपण भैसकेको विषयमा पुनः पटक पटक मुद्दा गर्न दिने हो भने न्यायिक निर्णयको मर्यादा र पालनामा प्रश्न चिन्ह उठ्नुको साथै विवाद अन्त्यहीन हुन जाने र त्यसले न्यायिक अराजकता र समाजिक अस्तव्यस्तताको स्थिति सिर्जना गर्दछ । यसको अतिरिक्त मुद्दाका पक्षहरू तथा अदालतले समेत एउटै विषय र समान तथ्यको उही मुद्दामा वारम्वार अलमलिनु पर्ने भई न्यायिक जटिलता उत्पन्न हुने, अनावश्यक रुपमा स्रोत, साधन र समयको दुरुपयोग हुने र समयको अन्तरालमा असंगत निर्णयहरू हुनसक्ने उत्तिकै खतरा रहन्छ । यी सबै असंगत कुराहरूलाई रोकी दावी गरिएको विषयमा सक्षम अदालतबाट कानूनतः न्यायिक निरुपण भैसकेपछि सो निर्णयको आदर, सम्मान र पालनाको खातिर पुनः तही विवादको विषयलाई लिएर मुद्दा दिन रोक लगाउन प्राङन्यायको सिद्धान्तले बन्द ढोकाको रुपमा काम गर्दछ । तथापि यो सिद्धान्तले कानूनबमोजिम पुनरावेदन गर्न पाउने पुनरावेदकीय मार्गलाई भने निस्तेज गर्न नसक्ने ।

पुनरावेदकले चलाएको पहिलो कारवाहीमा प्रक्रियागत त्रुटिको कारण अर्थात निज शुरुमा गलत क्षेत्राधिकारमा गएको कारण दावी नै खारेज भएको अवस्था हुँदा प्रस्तुत दावीको विषयमा मुद्दाको अन्तिम निर्णय भएको अवस्था देखिन आएन । दावीको विषय, पक्षको हैसियत, मागेको उपचार जस्ता कुराहरूमा विमतिको अवस्था नभएपछि यस अदालतबाट भएको फैसलाले विवादको निरुपण गरेको अवस्था नभई यी पुनरावेदक शुरुमा सक्षम निकायमा नगएको भनी क्षेत्राधिकारको प्रश्न उठाई खारेज भएको अवस्थालाई दावीको विषयमा अन्तिम फैसला भएको भन्ने अर्थ गर्न मिल्ने देखिँदैन । तसर्थ प्रस्तुत मुद्दामा पुनरावेदकले चलाएको कारवाहीमा अ.वं. ८५ नं. अर्थात प्राङन्याय (Resjudicate) को सिद्धान्त आकर्षित हुने भन्ने नदेखिने ।

न्याय प्रशासन ऐन, २०४८ र गुठी संस्थान ऐन, २०३३ अलग अलग विषयका स्वतन्त्र ऐन भएका कारण गुठी संस्थान ऐनले न्याय प्रशासन ऐनको कानूनी व्यवस्थालाई इंगित गरेको अवस्थामा बाहेक गुठी संस्थान ऐन, २०३३ अनुरूप भएका काम कारवाहीको सन्दर्भमा न्याय प्रशासन ऐन, २०४८ को व्यवस्था आकर्षित हुन्छ भन्न नमिल्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति संवत २०६६ साल माघ १४ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की** २०६२ सालको दे.पु.नं. ९६६० र २०६१ सालको दे.पु.नं. ९३९५, अंश चलन, *शुकलक्ष्मी लामा समेत वि. सोमबहादुर लामा र दशनारायण लामा वि. शुकलक्ष्मी भण्डारी*

अंश दिनुपर्ने दायित्वबाट बच्न ठोस सबूद प्रमाणको अभावमा केवल अनुमान र आशंकाको आधारमा नै वादी शुकलक्ष्मी विवाहित लोग्नेलाई छाडी रामचन्द्र भण्डारीसँग पोइल गएको हो भनी ठहर गर्न मिलेन । पोइल गएको प्रमाणित हुन नसकेको स्थितिमा वादी शुकलक्ष्मी प्रतिवादी दशनारायणको सत्य निष्ठामा रहेको मान्नुपर्ने भएकोले त्यस्तो पत्नीलाई घरबाट निकाला गरेको अवस्थामा वादीले अंश माग गर्न पाउने र प्रतिवादीले पनि अंश दिनुपर्ने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल माघ १२ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको फौ.पु.नं. ०१९७, गाली बेइज्जती, *दशनारायण लामा वि. शुकलक्ष्मी भण्डारी लामा समेत* मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६० सालको फौ.पु.नं. ३३८०, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *सनतकुमार रेग्मी वि. नेपाल सरकार*

प्रतिवादीले रा.प.द्वितीय श्रेणी उपसचिव पदमा बढुवा हुनका लागि दरखास्त फाराम साथ पेश गरेको एम.ए को प्रमाणपत्र नै Forged भनी प्रमाणित हुन आएको अवस्थामा त्यस्तो प्रमाणपत्र पेश गर्ने गरेको कार्य नै तत्काल भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिम कसूरजन्य रहेको देखिएको अवस्थामा विशेष अदालत काठमाडौँबाट निज प्रतिवादी सनतकुमार रेग्मीलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिम कसूरदार ठहऱ्याई सोही दफा १२ तथा २९(२) बमोजिम रु. ३०००।- (तीन हजार) जरीवाना गर्ने गरेको मिति २०६०।३।१ को फैसला मुनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद अर्याल

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल पुस १२ गते रोज १ शुभम्

३

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** २०६५ सालको फौ.पु.नं. ०३३८, ठगी, *छत्रमान श्रेष्ठ वि. दीपक मास्के समेत*

बैंकमा रकम छैन भन्ने जान्दाजान्दै बैंकबाट रकम लिनु होला मलाई तत्काल रकम दिनुस् आजै एअरलाइन्सको काममा बाधा पर्ने भयो भनी झूठा कुरा बनाई जालपरिपञ्च रची धोका दिई छत्रमान गुरुङलाई गफलतमा पारी रकम लैजाने र बैंकमा निजको खातामा रकम छैन भने पछि चेक फिर्ता लैजाने र रकम फिर्ता दिने कार्य समेत नगरेको हुँदा प्रतिवादीले जाहेरवालालाई ठगी गरेको देखिने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमल्सेना

इति संवत् २०६६ साल मंसिर २८ गते रोज १ शुभम् ।

४

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री मोहनप्रकाश सिटौला** २०६१ सालको फौ.पु.नं. ३७९०, जीउ मास्ने बेच्ने, *कमली यादव वि. नेपाल सरकार समेत*

पीडित र जाहेरवालाको वकपत्रबाट समेत पीडितलाई वेश्यावृत्ति गर्ने कार्यमा यी पुनरावेदक प्रतिवादीले सहयोग पुऱ्याएको भन्ने कुरा पुष्टि हुन आएको देखिन्छ । यसको अतिरिक्त आफूले अभियोग दावीबमोजिमको कसूर गरेको होइन भनी जिकीर लिने यी पुनरावेदक प्रतिवादीले सो

जिकीरलाई स्वतन्त्र तथा निश्चयात्मक ठोस सबूद प्रमाण पेश गरी प्रमाणित गर्न सक्नुपर्नेमा त्यस्तो प्रमाण पेश गरी सोबमोजिम प्रमाणित गर्न सकेको पनि देखिँदैन । उक्त जीउ मास्ने बेच्ने कार्य ( नियन्त्रण) ऐन, २०४३ को दफा ७ बमोजिम त्यस्तो प्रमाण पुर्‍याउने भार निज प्रतिवादी अभियुक्तमाथि नै निहीत रहने भन्ने कानूनी व्यवस्था समेत रहेको स्थितिमा सोबमोजिमको प्रमाण पुर्‍याई आफ्नो जिकीरलाई पुष्टि गरी वादीको प्रमाणलाई खण्डन गर्न सकेको समेत नदेखिएको अवस्थामा केवल पुनरावेदन जिकीरकै आधारमा मात्र निज प्रतिवादीको उक्त कार्यमा संलग्नता रहेनछ, अर्थात वेश्यावृत्ति गर्ने कार्यमा सहयोग पुर्‍याएकी रहेनछिन भनी निजलाई अभियोग दावीबाट सफाई नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद अर्याल
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल माघ १९ गते रोज ३ शुभम् ।

५

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ मा.न्या. श्री सुशीला कार्की,** २०५९ सालको फौ.पु.नं. ३१५४, भ्रष्टाचार, *नेपाल सरकार वि. बसन्तकुमार कुँवर समेत*

प्रतिवादीहरूले भ्रष्टाचारको कसूर गरेको प्रमाणित भएको नदेखिँदा, बद्नियत तत्वको अभावमा लापरवाहीपूर्ण कार्यलाई भ्रष्टाचारको संज्ञा दिन नमिल्ने र रजिष्ट्रेशन गरेको वकसपत्रको लिखतअनुसारको जग्गा प्रतिवादी श्रद्दा के.सी.को नाममा दा.खा भै नसकेको एवं नपुग राजश्व माग भै रहेको अवस्थामा प्रतिवादीहरूलाई गैरकानूनी लाभ भै नसकेको कारणबाट प्रतिवादीहरूले भ्रष्टाचार गरेको भन्ने दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल माघ १२ गते रोज ३ शुभम् ।

६

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की** फौ.पु.नं. १९५, डाँका, *नेपाल सरकार वि. पदम मानन्धर समेत*

काठमाडौंको शहरी क्षेत्रभित्र विहान ५:००, ५:३० बजेको समयमा भएको बसभित्र धेरै यात्रु हुने भै वारदात हुँदा हुलहुज्जत, भिडन्त हुनुपर्ने र अन्य व्यक्ति पनि लुटिनु पर्ने सो केही भएको मिसिल संलग्न कागजबाट देखिंदैन । केवल छुरी देखाएको भन्ने र जाहेरवालालाई १ थप्पड हानी बोल्न नदिई रकम लगेको भन्ने भनाइले हात हतियार उठाई छाडी, हुल हुज्जत गरेको जीउ ज्यान लिने वा जखम अंगभंग हुने सन्दर्भ पुष्टि हुन नसक्ने हुँदा वारदात गम्भीर प्रकृतिको मानिने डाँकाको नभै जबरजस्ती चोरीको हो भन्ने देखिन आउने ।

इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमल्सेना
इति संवत् २०६६ साल मंसिर २८ गते रोज १ शुभम् ।

७

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री गिरीशचन्द्र लाल**, २०६४ सालको फौ.पु.नं. ०२२९, ०४९५, ०३८१, कर्तव्य ज्यान, *क्षेत्रबहादुर शाही वि. नेपाल सरकार, कर्णबहादुर सेन वि. नेपाल सरकार र नेपाल सरकार वि. रणबहादुर चन्द*

प्रतिवादीले आक्रमणकर्ताको छुरी खोसी त्यसैलाई प्रहार गरेको हुँ भनेका कुरालाई मानेर विचार गर्दा समेत पनि छुरी खोसिसकेको अवस्थामा ज्यान लिने अवस्थाको सम्भावना हुँदैन र नजिकमा साथी समेत हुँदा हारगुहार गर्नसक्ने अवस्था समेत विद्यमान छ । प्रतिवादीले हारगुहार गर्नसक्ने अवस्था हुँदा हुँदै हारगुहार मद्दत मागेको अवस्था समेत छैन । त्यसका अतिरिक्त मृतकसँग साथै गएका सुरेश रोका, रत्नबहादुर र प्रितम वि.क. क्षेत्रबहादुरले आफैसँग लुकाई ल्याएको छुरी प्रहार गरेको हो भनी वकपत्र गरेको समेतले आत्मरक्षाको कारणले मात्र मृतकको ज्यान लिने

अवस्था थियो भन्न सक्ने अवस्था भएन । त्यस कारण मृतकको कोखा जस्तो संवेदनशील स्थानमा छुरी प्रहार गरेको कारणले मृतकको मृत्यु भएको र आत्मरक्षाको लागि हतियार चलाएको भन्ने कुरा पुष्टि हुन नसक्ने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमल्सेना

इति संवत् २०६६ साल माघ १३ गते रोज ४ शुभम् ।

८

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६४ सालको फौ.पु.नं. ३०, लागू औषध खैरो हिरोइन, *प्रदीपकुमार शाह वि. नेपाल सरकार समेत*

प्रतिवादीको पाइन्टको गोजीबाट बरामद भएको सामान लागू औषध भएको पुष्टि भै रहेको सन्दर्भमा केवल अदालतमा आई कसूरमा इन्कार भएको आधारले मात्र प्रतिवादीले कसूर गरेको होइन भन्न सक्ने अवस्थाको विद्यमानता छैन । प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान, बरामदी मुचुल्का बरामदी मुचुल्काका मानिसले अदालतमा उपस्थित भै लागू औषध खैरो हिरोइन प्रतिवादीबाटै बरामद भएको हो भनी बकपत्र गरिदिएबाट प्रतिवादीले लागू औषध (नियन्त्रण) ऐन, २०३४ को दफा ४ को (घ) र (च) को कसूर गरेको देखिन आउने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल माघ १३ गते रोज ४ शुभम् ।

९

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको रिट नं. ९३६, उत्प्रेषणयुक्त परमादेश समेत, *केशव अर्याल वि. काठमाडौं जिल्ला अदालत बबरमहल समेत*

काठमाडौँ जिल्ला अदालतका तहसिलदारले आफूले गरेको मिति २०६१।२।६ को पूर्व आदेश बदर भैसकेको अवस्थातर्फ ध्यान नदिई पुनः सोही आदेशलाई नै अगाडि बढाएको अवस्था देखियो । साथै जिल्ला न्यायाधीश र पुनरावेदन अदालतबाट समेत अंश मुद्दाको फैसला र आफूले यसअघि गरेको आदेशअनुरूप भए नभएको भन्नेतर्फ गम्भीरतापूर्वक विचार नगरी तहसिलदारको आदेशलाई नै निरन्तरता दिने गरी आदेश भएको अवस्थाले दण्ड सजायको ६१ नं. र अ.वं. १७ नं. अन्तर्गतको प्रक्रियामा समेत त्रुटि कायमै रहन गएको पाइने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमल्सेना

इति संवत् २०६६ साल पुस ९ गते रोज ५ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रेम शर्मा,** २०६५ सालको फौ.पु.नं. ०४८३, *सवारी ज्यान, खुमबहादुर ढुङ्गाना वि. नेपाल सरकार*

प्रतिवादीलाई २ वर्ष देखि १० वर्षसम्म कैद हुनसक्ने अभियोग लगाइएको र सो अभियोग प्रमाणित भएको अवस्थामा न्यायकर्ताले स्वविवेकमा न्यूनतम २ वर्ष कैद सजाय गरेको कारणले मात्र दण्ड सजायको ११ क नं. को व्यवस्थाबमोजिम अभियोग दावीबमोजिमको कसूरलाई तीन वर्षभन्दा कम कैदको सजाय हुने कसूर मान्न नमिल्ने ।

इजलास अधिकृतः नेत्रप्रकाश आचार्य

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल मंसिर २५ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रेम शर्मा,** २०६५ सालको फौ.पु.नं. ०४०४, यातना तथा क्षतिपूर्ति, *जिल्ला प्रहरी कार्यालय बाग्लुङ्ग वि. राजेन्द्रबहादुर के.सी*

थुनुवा भन्नाले अनुसन्धानको सिलसिलामा मुद्दा हेर्ने अधिकारीको आदेशबाट थुनामा रहेको अवधि र पुर्पक्षको लागि थुनामा रहेको अवधि समेतलाई जनाउने भनी विभिन्न कानूनी व्यवस्थाबाट प्रष्ट रहेकै देखिन्छ । यातना भन्ने कुरा

अनुसन्धानको सिलसिलामा थुनामा रहेका व्यक्तिलाई मात्र दिइन्छ भनी संकुचित व्याख्या गर्नु उपयुक्त नहुने र यातना, मुद्दा हेर्ने अधिकारीको आदेशपश्चात् पुर्पक्षको लागि थुनामा (कारागार) रहेको व्यक्तिलाई पनि दिनसक्ने अवस्था विद्यमान हुँदा यातना तथा क्षतिपूर्ति ऐन, २०५३ को दफा ५(१) को आफूलाई यातना दिएको मितिले वा थुनामुक्त भएको मितिले ३५ दिनभित्र उजूर गर्नसक्ने व्यवस्थाबमोजिम आफू थुनामै हुँदाका अवस्थामा दिएको प्रस्तुत मुद्दाको फिराद हदम्याद नाघी दायर भएको भन्ने नदेखिँदा प्रतिवादी जिल्ला प्रहरी कार्यालय वागलुङको हदम्याद नाघी फिराद दायर भएको भन्ने देखिन नआउने ।

इजलास अधिकृतः नेत्रप्रकाश आचार्य

कम्प्युटर : मुकुन्द विष्ट

इति संवत् २०६६ साल मंसिर २५ गते रोज ५ शुभम् ।

३

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री गौरी ढकाल,** २०६० सालको दे.पु.नं. ९२७४, अंश दर्ता, *रामप्रसाद महतो चाई समेत वि. रामलखन महतो चाई*

केबल प्रतिवादीले तायदातीमा फलाना फलाना व्यक्तिबाट लिएको ऋण तिर्न बुझाउन बाँकी छ सबै अंशियारलाई भाग लगाई पाऊँ भनी उल्लेख गर्दैमा सोहीबमोजिम अंश मुद्दाबाटै ऋणसमेत भाग लाग्ने भनी बोल्न नमिल्ने ।

अंश मुद्दाबाटै ऋणका सम्बन्धमा बोलिने विषय नहुँदा पछि कानूनबमोजिम साहूको नालेश परेमा सो मुद्दाबाट सो ऋणको सम्बन्धमा निर्क्यौल हुने नै हुन्छ । केवल प्रतिवादीले तायदातीमा फलाना फलाना व्यक्तिबाट लिएको ऋण तिर्न बुझाउन बाँकी छ सबै अंशियारलाई भाग लगाई पाऊँ भनी उल्लेख गर्दैमा सोहीबमोजिम अंश मुद्दाबाटै ऋण समेत भाग लाग्ने भनी बोल्न नमिल्ने ।

इजलास अधिकृतः नेत्रप्रकाश आचार्य

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल मंसिर २३ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६० सालको दे.पु.नं. ९२७५ अंश दर्ता, *बीरबहादुर महतो चाई वि. दुखी महतो चाई* मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

४

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रेम शर्मा,** २०६५ सालको दे.पु.नं. ०२५३, मोल बिगो भराई पाऊँ, *पदमबहादुर महत वि. भैरवनाथ गुठी व्यवस्थापन समिति जुम्ला समेत*

सम्झौता हुँदाका अवस्थामा घीउ तेल बुझाउनु पर्ने गरी सम्झौता भएको देखिए पनि समयको अन्तरालपश्चात् परिवर्तन गर्न सकिने नै व्यवस्था हुँदा सो घीउ तेलको सट्टा नगदै भाडा कायम गरिएको भनी वादीलाई विभिन्न मितिमा पत्र दिइएको पनि देखिन्छ । सो भाडा दरमा वादीको मौकामा आपत्ति रहेको भन्ने पनि देखिन आएन । सम्झौतामा घीउ तेल हर्जा गर्न नपाउने भन्ने उल्लेख भएकोमा पछि नगदै बुझाउने शर्तलाई वादीले स्वीकार गरी प्रमाणमा पेश गरेको भरपाईबाट नगदै बुझाएको भन्ने देखिँदा हाल आएर वादीले २०५९ चैतदेखि सम्झौताअनुसारको भाडा बुझाएको प्रमाण पेश गर्न सकेको नदेखिँदा वादीले सम्झौताबमोजिम (घीउ तेल हर्जा गरी) शर्तको प्रत्यक्ष उल्लंघन गरेको भन्ने देखियो । सम्झौता उल्लंघन गरेको अवस्थामा क्षतिपूर्तिको माग गर्न नपाउने स्थिति सम्झौतामा नै उल्लेख भएको देखिँदा २०४८ सालमा नयाँ घर बनाएकोले सो बनाउँदा लागेको ढुङ्गा, माटो र काठबापतको क्षतिपूर्ति रकम वादीले माग गर्न पाउने अवस्था समेत देखिन नआउने ।

इजलास अधिकृतः नेत्रप्रकाश आचार्य

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल मंसिर २५ गते रोज ५ शुभम् ।

५

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रेम शर्मा,** २०६५ सालको दे.पु.नं. ०३६५, बाली विगो, *मगलु बरै वि. जगमोहन बरै*

जग्गा मिच्नेको १८ नं. मा जग्गाको झगडा परेको बालीको हकमा जग्गाको हक छुट्टिई अन्तिम किनारा भएको मितिले एक वर्षभित्र नालेस दिइसक्नु पर्ने व्यवस्था रहेकोमा समेत विवाद गर्ने ठाउँ नदेखिने ।

अंश मुद्दामा हक छुट्टिने कार्य सो फैसला कार्यान्वयन भैसकेपछि मात्र हुने हुँदा सो फैसला कार्यान्वयन भएको मितिलाई सो मुद्दाको अन्तिम किनारा भएको मिति मानी जग्गा मिच्नेको १८ नं. को म्यादभित्रै दायर भएको फिरादलाई हदम्याद नाघी दायर भएको भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः नेत्रप्रकाश आचार्य

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल मंसिर २५ गते रोज ५ शुभम् ।

६

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री गौरी ढकाल,** २०६० सालको दे.पु.नं. ९४२३, लिखत बदर, *लाल महमद धुनिया वि. रामदेव पण्डित कुम्हार*

२०५५।३।१३ मा भै आएको नक्सा मुचुल्का हेर्दा न.नं. ७ झगडा परेको जग्गा र सोको पूर्वमा न.नं. ८ को जग्गा रहेको देखियो । दे.नं. १३१६ को मुद्दामा भएको नक्सा मुचुल्काको न.नं. १ र ४ प्रस्तुत मुद्दाको नक्सा मुचुल्काको न.नं. ३ र ८ तथा न.नं. २ झगडा परेको न.नं. ७ मा उल्लेख भएको कुरालाई प्रतिवादीले अन्यथा भन्न सकेको देखिएन । साविक न.नं. २ रामदेव पण्डितको भोगमा भन्ने उल्लेख भै रहेकोमा सोही जग्गा प्रस्तुत मुद्दाको न.नं. ७ रहेको भन्ने देखिँदा प्रस्तुत मुद्दामा भएको नक्सा मुचुल्काको न.नं. ३ र ८ मा सम्म प्रतिवादी कारी पण्डित कुम्हारको हक भएकोमा आफ्नो न.नं. को ८ को जग्गा बाँकी नै राखी सोभन्दा पश्चिमको हकै नपुग्ने न.नं. ७ को झगडा जनिएको जग्गा र नं. ५५८६ मिति २०५२।११।१३ को राजीनामा लिखतबाट प्रतिवादी लाल महम्मद धुनियालाई हकछाडी दिएको देखिँदा त्यस्तो हकै नपुग्ने व्यक्तिले गरिदिएको लिखतले मान्यता पाउन नसक्ने ।

इजलास अधिकृतः नेत्रप्रकाश आचार्य

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल मंसिर २३ गते रोज ३ शुभम् ।

७

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६२ सालको रिट नं. ३१६३, उत्प्रेषण परमादेश, *प्रदीप शिल्पकार समेत वि. पुनरावेदन अदालत पाटन समेत*

फैसला कार्यान्वयनको चरणमा विचाराधीन रहेको विषयवस्तुउपर यस अदालतबाट आदेश हुँदा फैसला कार्यान्वयनको प्रक्रियामा समेत हस्तक्षेप हुन जान सक्ने अवस्था देखिन्छ भने सोअनुरूप अंश मुद्दामा भएको फैसलालाई आधार मानी वादी प्रतिवादीहरू बीच बण्डाकै क्रममा रहेका सम्पत्तिहरू वण्डा लगाउने कार्य समाप्त नभएको अवस्था तथा सोही अवस्थालाई मध्यनजर राखी पुनरावेदन अदालतबाट समेत आदेश भएको देखिँदा निवेदन दावीअनुरूप पुनरावेदन अदालत पाटनबाट भएको आदेश निवेदन दावीको अंश मुद्दामा भएको फैसलाको मर्मविपरीत भएको भन्ने देखिन नआउने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल असोज २९ गते रोज ५ शुभम्

८

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री गौरी ढकाल,** २०६१ सालको फौ.पु.नं. ३८०६, जालसाजी, *जोगेन्द्र यादव समेत वि. मनरुपीयादेवी यादव समेत*

वादी प्रतिवादीहरू सगोलका अंशियार कायम भई वादी दावीको मिति २०४७।६।२२ को वण्डापत्रको लिखत समेत वादीको अंश भाग जतिको बदर हुने ठहर भएको आधार एवं कारणबाट शुरु धनुषा जिल्ला अदालतले हदम्यादको अभावमा फिराद खारेज गर्ने ठहऱ्याएको फैसलालाई इन्साफमा तात्विक असर

नपर्ने भनी उल्टी गरी दावीको लिखतलाई जालसाजीको संज्ञा नदिई केवल वादी दावी नपुग्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल असोज २५ गते रोज १ शुभम्

९

**मा.न्या. श्री खिलराज रेग्मी मा.न्या. श्री गौरी ढकाल,** २०६१ सालको दे.पु.नं. १०००६, अंश, *जोगेन्द्र यादव समेत वि. मनरुपीयादेवी यादव समेत*

मुलुकी ऐनमा भएको सातौ संशोधनपूर्वको अवस्था र उक्त संशोधनपश्चात्को अवस्था एवं प्रकृति पृथक पृथक रुपको भएकोले सातौं संशोधनपश्चात्को अवस्थामा भएका काम कारवाही एवं व्यवहारलाई मात्र आधार लिई सातौं संशोधनपूर्वको अवस्थालाई नजरअन्दाज गर्नु अंशवण्डाको ३० नं. को मनसायविपरीत हुन जान्छ । यस अवस्थामा पुनरावेदक प्रतिवादीहरूले उल्लेख गरेका व्यवहारहरू अंशवण्डाको ३० नं. को परिप्रेक्ष्यमा स्वतः गौण हुन पुगेको देखिँदा यसतर्फको प्रतिवादीहरूको पुनरावेदन जिकीर पनि कानूनसम्मत एवं तर्कसंगत नदेखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल असोज २५ गते रोज १ शुभम्

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएको छ :

- २०६१ सालको दे.पु.नं. १०००७ वण्डा बदर दर्ता बदर, *जोगेन्द्र यादव समेत वि. मनरुपीयादेवी यादव समेत*
- २०६१ सालको दे.पु.नं.३८०६, जालसाजी, *जोगेन्द्र यादव समेत वि. मनरुपीयादेवी यादव समेत*

१०

**मा.न्या. श्री खिलराज रेग्मी मा.न्या. श्री अवधेशकुमार यादव,** २०६४ सालको रिट नं. ०३३४, उत्प्रेषण परमादेश, *राजेन्द्र खनाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय समेत*

निजामती सेवा ऐन, २०४९ को दफा १३(१) को प्रतिबन्धात्मक वाक्यांशमा भएको व्यवस्थाबमोजिम ६ महिनाभन्दा बढी अवधिको लागि कायम मुकायम नियुक्ति गर्न नपाइने भनी भएको व्यवस्थाबमोजिम २०६३।४।२२ मा कायम मुकायम नियुक्त गर्ने गरी भएको निर्णय २०६३।१०।२२ सम्म मात्र कायम रहने भनी निवेदकले आफ्नो रिट निवेदनमा उल्लेख गरेकोमा निवेदकले सो बदरको लागि विलम्व गरी २०६४।६।२१ मा मात्र प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ । लिखित जवाफ पेश गर्दाको अवस्थासम्म सो कायम मुकायम कायम रहेको भन्ने नदेखिँदा सो बदर गरिपाऊँ भन्ने निवेदकको दावी औचित्यपूर्ण देखिन नआउँदा र स्वतः निष्प्रभावी देखिने ।

इजलास अधिकृतः नेत्रप्रकाश आचार्य
कम्प्युटर : मुकुन्द विष्ट
इति संवत् २०६६ साल मंसिर २४ गते रोज ४ शुभम्

## इजलास नं. २

१

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री प्रेम शर्मा,** २०६१ सालको रिट नं. ३३६८, उत्प्रेषण, *सुजीत मुन्दुल वि. श्रम अदालत समेत*

श्रम कार्यालयको पूरा निर्णय सम्बन्धमा नभै बैंकले ट्रेड यूनियन दर्ता सम्बन्धमा आवश्यक सहयोग नगरेको भन्दै सहयोग गर्नु भनी निर्देशनात्मक आदेश जारी गरेको हकमा सम्म प्रस्तुत रिट निवेदनमा प्रश्न उठाएको पाइयो । श्रम कार्यालयको मिति २०६१।२।१८ को पत्रबाट माग गरेको विवरण निवेदक बैंकले मिति २०६१।२।२८ को पत्रद्वारा श्रम कार्यालयलाई उपलब्ध गराएको भन्ने व्यहोरा मिसिल संलग्न पत्रबाट देखिन्छ । यसरी श्रम कार्यालयको मागबमोजिमको विवरण उपलब्ध गराएको देखिंदादेखिंदै पनि सो पत्रलाई

Notice मा नलिई निवेदक बैंकका विरुद्धमा श्रम अदालतबाट बैंकले सहयोग नगरेको भनी जारी गरेको निर्देशनात्मक आदेश सो हदसम्म मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।
इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल फागुन ४ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. ०६३- WO- ०१९९, उत्प्रेषण मिश्रित प्रतिषेध, *माधवप्रसाद भण्डारी वि. जलस्रोत मन्त्रालय समेत*

निवेदक कम्पनीलाई कालो सूचीमा राख्दा निवेदकलाई आफ्नो कुरा भन्ने वा प्रतिवाद गर्ने मौका प्रदान गरेको भन्ने देखिन आउँदैन । प्राकृतिक न्यायको सिद्धान्तअनुसार सजाय वा कारवाही गर्नु अगाडि आफ्नो भनाइ राख्ने मौका दिनु पर्दछ । सम्बन्धित व्यक्तिले आफूले दिएको वा लेखाएको ठेगानामा पत्राचार गरी बोलाउने हो । यसरी पत्राचार गर्दा पत्र बुझी वेवास्ता गर्छ वा पत्र बुझ्दैन वा मानिस फेला पर्दैन भने कारवाही गर्नु अगाडि सार्वजनिक सूचना प्रकाशित गरेर पनि जानकारी दिन सकिन्छ । तर यसमा सूचना प्रकाशित गरेको तर सूचनामा कारवाही गरिने बारे जानकारी दिएको देखिएन । प्रतिवाद वा सुनुवाइको मौका प्रदान नगरी भएको कानूनी कारवाही एवं निर्णयले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।
इजलास अधिकृतः नारायणप्रसाद रेग्मी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल पुस २० गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री प्रेम शर्मा** रिट नं. ०६३- WO- ०८४९, उत्प्रेषण समेत, *गगनबहादुर कार्की वि. गृह मन्त्रालय समेत*

प्रहरी नियमावली, २०४९ को नियम ८८(झ) को कसूर गरेको भनी ऐ. को नियम ८४(छ) अनुसार भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी विपक्षी महानगरीय प्रहरी पहरागण मुख्यालयका प्रहरी उपरीक्षकले मिति २०६३।९।१६ मा गरेको निर्णय र सो उपर पुनरावेदन सुनी विपक्षी प्रहरी नायव महानिरीक्षकले मिति २०६३।११।११ मा गरेको निर्णय समेत कानून एवं प्रतिपादित सिद्धान्तको विपरीत भै त्रुटिपूर्ण रहेको देखिएकोले उक्त दुवै निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकलाई साबिककै पदमा पुनर्वहाली गरी कानूनबमोजिम निजले पाउने सुविधा समेत दिनु दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेश समेत जारी हुने ।
इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल फागुन १७ गते रोज २ शुभम्

२

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला** दे.पु.नं. ०६३- CI- १००१, १२०१, बाली विगो भराइपाऊँ, *गंगादत्त जोशी वि. शान्तिदेवी खत्री समेत, शान्तिदेवी खत्री वि. गंगादत्त जोशी समेत*

जग्गा मिच्नेको १८ नं. र दण्ड सजायको ४३(५) नं. का व्यवस्थाहरू परिपूरक नभई परस्पर स्वतन्त्र रहेको अवस्थामा दण्ड सजायको ४३(५) नं. अन्तर्गत अदालतबाट पुनः चलन चलाइदिने गरी भएको आदेशलाई हक छुट्टिने गरी भएको मूल फैसला सरह मानी सो आदेश भएको मितिबाट जग्गा मिच्नेको १८ नं. हदम्याद टेकी बालीतर्फ नालिस गर्न नमिल्ने ।
इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल पुस १९ गते रोज १ शुभम् ।

**३**

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला** फौ.पु.नं.०६३-CR-०३९२,

कर्तव्य ज्यान, *नेपाल सरकार वि. बालकृष्ण ढुङ्गेल समेत*

वारदातमा संलग्न रहेको मतलबी भनी सजाय गरिसकेपछि गुहार नदिएको र कसूर जाहेर नगरेको भन्नेतर्फको सजाय गरिरहन पर्ने अवस्था नदेखिँदा प्रतिवादीहरूलाई ज्यान सम्बन्धीको १७(३) नं. अनुसार तीन वर्ष कैद सजाय हुने ।

वारदातस्थलमा उपस्थिति रहेको भन्ने तथ्य ठोस एवं शंकारहित तबरबाट पुष्टि हुन सकेको देखिन नआएकाले प्रतिवादीहरूलाई अभियोग माग दावीबाट सफाइ हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल पुस १९ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या. श्री प्रकाश वस्ती,** दे.पु.नं. ८४९३, जग्गा दर्ता, *देवी बरै वि. रामानन्द राउत बरै समेत*

पुनरावेदक वादीले दावी गरेका जग्गामध्ये प्रतिवादी राजमन राउत वरैले वादीले २०२४।११।१ मा भएको मिलापत्रबमोजिम पाउने भनी स्वीकार गरेका कित्ता, फिल्डबुकबाट वादी तथा वादीका बाबुको नाममा लेखिए देखिएका जग्गा र मूल प्रतिवादीले इन्कार नगरेका भवानीपुर वगही र घुर्मीका जग्गा वादीका नाममा दा.खा. दर्ता गरिदिने गरी फैसला गर्नुपर्नेमा हककायम गरी जग्गा दर्ता गरिपाऊँ भन्ने वादी दावी पुग्ने हुँदा मोहरमानका छोरा, नाति, बुहारी समेतका परिवारका नाममा नापीमा समेत लेखाई देखाइएका जग्गा वादीका नाममा हक कायम हुने भै दा.खा. दर्ता समेत हुने ।

इजलास अधिकृत : नारायण रेग्मी
कम्प्युटर : नम्रता बास्तोला
इति संवत् २०६६ साल भदौ २३ गते रोज १ शुभम् ।

## इजलास नं. ४

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री रामकुमारप्रसाद शाह** रिट नं. ०६३- WO- ०७५३, उत्प्रेषण समेत, *देवीचरणप्रसाद केवट वि. जिल्ला शिक्षा कार्यालय रुपन्देही समेत*

शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममितिले मान्यता पाउन नसक्ने भएको र वैयक्तिक विवरणमा उल्लिखित जन्ममिति र निज स्वयंले नै सो साथ पेश गरेको २०२६।१०।२० मा नागरिकताको प्रमाणपत्र लिंदाका अवस्थामा २३ वर्ष लेखिएको सो प्रमाणपत्रबाट देखिँदा निजको जन्ममिति वि.सं. २००३।१०।२० कायम हुने भै सो जन्म मितिले निज पहिले अवकाश पाउने देखिन आउने कुरामा विवाद छैन । आफ्नो नागरिकताको प्रमाणपत्रमा लेखिएको सो जन्म मितिलाई आधार मानी निज रिट निवेदकले मिति २०६३।९।१६ मा जिल्ला शिक्षा कार्यालय रुपन्देहीमा आफू उमेरको हिसाबले अनिवार्य अवकाश हुने भएकोले एक तह बढुवा पाऊँ भनी आफैले स्वीकार गरी निवेदन दिई अनिवार्य अवकाश पाउनुभन्दा १ महिना अगाडिदेखि बढुवा प्राप्त गरी अनिवार्य अवकाश पाएको अवस्था हुँदा रिट निवेदककै निवेदन मागका आधारमा निजलाई अवकाश दिइएको हुँदा उक्त अवकाश दिने निर्णयबाट निजको पेशा रोजगार गर्न पाउने हक कुण्ठित भएको भन्ने जिकीर कानूनसंगत मान्न नमिल्ने ।

इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६६ साल मंसिर ९ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती** २०६४ सालको रिट नं. ००३७,

बन्दी प्रत्यक्षीकरण, *रवि दाहाल वि. राजु अधिकारी समेत*

निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताले मेरो पक्ष बन्दीलाई प्रत्यर्थीहरूले मिति २०६६।१०।८ का दिन नै मुक्त गरी निजको आमा र निवेदकको भाइलाई जिम्मा लगाई पठाएको भनी इजलाससमक्ष व्यक्त गरेको र सो कुराको लिखित रुपमा जानकारी समेत गराएकोले निवेदन जिकीरका सम्बन्धमा तथ्यभित्र प्रवेश गरी संवैधानिक र स्वतन्त्रतासम्बन्धी हक हनन् भएको थुनामा रहेको भनिएकी व्यक्ति हाल थुनामुक्त भइसकेको देखिंदा प्रस्तुत निवेदनउपर अरु विचार गरी रहन नपर्ने ।

इजलास अधिकृतः श्रीप्रसाद संजेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल माघ १४ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री कल्याण श्रेष्ठ,** २०६५ सालको रि.नं. १०६२, उत्प्रेषण मिश्रित परमादेश, *खेमजंग पाण्डे वि. नेपाल वायुसेवा निगम समेत*

विदेशस्थित कार्यालयमा खटिएको कर्मचारीले अनिश्चित कालसम्म विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित रहेको अवस्थामा कर्मचारीसम्बन्धी विनियमावलीमा भएको व्यवस्था एवं प्रक्रियाबमोजिम अवकाश दिने गरी भएको निर्णय कानूनसम्मत नै हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआउँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल कात्तिक १५ गते रोज १ शुभम्

३

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती** २०६१ सालको फौ.पु.नं. ३४२८, नकबजनी चोरी, *शेष रईस आलम वि. नेपाल सरकार*

प्रमाणको महत्व संख्यामा होइन आफ्नो गुणवत्तामा निर्भर रहन्छ । प्रमाण भन्ने कुरा प्रकृतिले होइन, आफ्नो विश्वसनीयताका आधारमा मूल्याङ्कित हुन्छ । यस कसीमा हेर्दा बरामदी मुचुल्कामा बस्ने वेदप्रसाद नेपाल र काशिम मियाँ समेतले बरामदी मुचुल्का आफ्नो रोहवरमा भएको भनी अदालतमा उपस्थित भई वकपत्र गरिदिएको देखिन्छ । सो मुचुल्काका साक्षी टिकादत्त तिवारीले प्रतिवादी शेष रईस आलमले यो सामान यहाँ यहाँ छ भन्दै देखाए भनी अदालतमा भएको वकपत्रमा उल्लेख गरिदिएको पनि पाइन्छ । प्रतिवादी शेष रईसले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साविती बयान दशी समेतका प्रमाणहरूबाट पुष्टि भइरहेको देखिन्छ । यस अवस्थामा सो प्रहरीमा भएको साविती तथा सोलाई पुष्टि गर्ने बरामदी मुचुल्का समेतका प्रमाणहरूका विपरीत निजको अदालतमा भएको इन्कारी बयानलाई सत्य साँचो मान्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल कात्तिक १७ गते रोज ३ शुभम्

४

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३०५४, उत्प्रेषण, *महेशकुमार थपलिया वि. नेपाल सरकार*

करारीय दायित्व पूरा गराउने वा करारीय दायित्व पूरा नभएको कारणले उत्पन्न क्षतिको लागि पर्याप्त कानूनी उपचारको वैकल्पिक व्यवस्था भएको विषय अदालतको साधारण क्षेत्राधिकारको विषय भएकोले संवैधानिक उपचार माग गर्न नमिल्ने र निवेदनमा आव्हान गरिएको भनिएको बोलपत्रको सूचनाबमोजिम प्रतिस्पर्धामा निवेदक समेत सामेल हुनसक्ने नै हुँदा यस अदालतबाट मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल मंसिर १५ गते रोज २ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६४ सालको रिट नं. wo--००१२, उत्प्रेषण समेत, *सुशील महर्जन वि. सानुमैया महर्जन समेत*

जग्गा मिचिएको भनी जिकीर लिएकोमा सोउपर जाँचबुझ भै संशोधित नक्सा समेत पेश भएको र सोही आधारमा विपक्षी उपमहानगरपालिकाले नक्सा पारित गर्ने निर्णय गरेको देखियो । निवेदकको जग्गा समेत मिची नक्सा पास गरी घर बनाएको भए सो कुरामा साधारण अधिकारक्षेत्रअर्न्तगत उपचार माग गर्नसक्ने नै देखिन्छ । निवेदकको जग्गा समेत घुसाई नक्सा दरखास्त दिएको हो वा होइन भन्ने कुरा विवादित रहेको अवस्थामा रिट क्षेत्रबाट निर्क्यौल गर्न नमिल्ने हुँदा समेत मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : विमल पौडेल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल कात्तिक ८ गते रोज १ शुभम्

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको रिट नं. ९६२, उत्प्रेषण, परमादेश, *गजेन्द्र विक्रम राणा वि. क्षेत्रीय प्रहरी कार्यालय सुर्खेत समेत*

क्षेत्रीय प्रहरी कार्यालय वीरेन्द्रनगर सुर्खेतले यी निवेदकलाई सेवाबाट हटाउने गरी मिति २०६३।७।२७ मा गरेको निर्णयको पुनरावेदन गर्ने प्रयोजनको लागि निवेदकका नाममा जारी गरेको पत्रको मिति २०६३।८।१७ मा भएको तामेली कानूनी व्यवस्थाबमोजिम तामेल भएको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल फागुन ३ गते रोज २ शुभम् ।

३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** २०६२ सालको रिट नं. ३१५१, उत्प्रेषणयुक्त परमादेश, *प्रल्हाद (चौधरी) थारु वि. जिल्ला प्रहरी कार्यालय सिरहा समेत*

निवेदकका नाममा पठाएको सूचना अ.वं. ११० नं. बमोजिमको रीत पुर्‍याई तामेल भएको नदेखिएबाट निजलाई प्रहरी सेवाबाट हटाउने गरी विपक्षीहरूले निर्णय गर्दा प्रहरी नियमावली, २०४९ को नियम ८९(२) बमोजिम निजलाई आफ्नो सफाइ पेश गर्ने उचित र पर्याप्त मौका दिएको मान्न नमिल्ने ।

सफाइको मौका दिनु नपर्ने मुनासिब कारण खुलेको पर्चा समेत गरेको नदेखिएको अवस्थामा निवेदकलाई विपक्षी जिल्ला प्रहरी कार्यालय सिरहाबाट भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी बर्खास्त गरिएको निर्णयलाई पुनरावलोकन गरी भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने भनी पुनरावेदन तह पूर्व क्षेत्रीय प्रहरी कार्यालय विराटनगरबाट भएको निर्णय कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल फागुन ३ गते रोज २ शुभम् ।

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ताहिर अली अन्सारी** २०६३-wo-०२४१, उत्प्रेषण, *खगराज आचार्य वि. पुनरावेदन अदालत बुटवल समेत*

संवैधानिक वा कानूनी हक अधिकार आघातीत भएको अवस्थामा साधारण क्षेत्राधिकार उपचार प्राप्त नहुने संविधानबमोजिमको अवस्था भएमा वा त्यस्तो उपचार प्रभावकारी नभएमा मात्र यस अदालतको असाधारण क्षेत्राधिकार आकर्षित हुने अवस्था हुन्छ । प्रस्तुत विवादमा जिल्ला अदालतको आदेशउपर अ.वं. १७ नं. बमोजिम

पुनरावेदन अदालतमा निवेदन दर्ता गराई कानूनी उपचार उपभोग गरेको र मालपोत कार्यालयको निर्णयउपर पुनरावेदन पत्र दर्ता गराई सो पुनरावेदनबमोजिम शुरु मालपोत कार्यालयको निर्णयलाई सदर गरेपछि, सो निर्णय उपर यस अदालतमा मुद्दा दोहोऱ्याई पाऊँ भनी निवेदन समेत दर्ता गराएको देखिएको अवस्था हुँदा यसमा वैकल्पिक कानूनी उपचार नभएको भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल पुस १९ गते रोज १ शुभम् ।

५

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ताहिर अली अन्सारी** २०६४ सालको रिट नं. ९३७, उत्प्रेषणयुक्त परमादेश, *सोनाम तामाङ्ग समेत वि. काठमाडौं उपत्यका नगर विकास समिति समेत*

नगर विकास योजना कार्यान्वयन समितिले स्थानीय व्यक्तिहरूको सहभागितामा नै योजना कार्यान्वयन गर्नसक्ने कानूनी व्यवस्था देखिएको अवस्थामा सो समितिले मिति २०६२।१२।९ मा आधार र कारण समेत खोली उक्त विवादित बाटोलाई रद्द गर्ने गरी गरेको निर्णयबाट के कुन संवैधानिक एवं कानूनी हकमा आघात परेको भनी स्पष्ट रुपमा निवेदनमा उल्लेख गर्न सकेको अवस्था समेत नदेखिँदा यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल पुस १९ गते रोज १ शुभम् ।

६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६४ सालको रिट नं. ६८८, उत्प्रेषणयुक्त परमादेश, *आनन्दप्रसाद श्रेष्ठ वि. पुनरावेदन अदालत हेटौंडा समेत*

न्याय प्रशासन ऐन, २०४८ को दफा ८(१) को व्यवस्थाबमोजिम पुनरावेदन सुन्ने पुनरावेदन अदालतको क्षेत्राधिकारलाई प्रभावकारी नभएको भनी मान्न मिल्ने अवस्था समेत नहुँदा प्रस्तुत रिट निवेदनमा यी निवेदकले उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ भनी जिकीर लिएको मिति २०६४।३।१६ को वण्डा मुचुल्का पर्सा जिल्ला अदालतको मिति २०६१।९।१२ को अन्तिम भई बसेको फैसलाबमोजिम नै भएको देखिँदा वैकल्पिक कानूनी उपचारको विद्यमानताको आधारमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता देखिन नआउने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल पुस १९ गते रोज १ शुभम् ।

७

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ताहिर अली अन्सारी** २०६४ सालको रिट नं. ६८९, उत्प्रेषणयुक्त परमादेश, *आनन्दप्रसाद श्रेष्ठ वि. पुनरावेदन अदालत हेटौंडा समेत*

तामेली म्यादमा रोहवरमा बस्ने वडा सचिव समेतका साक्षीहरूले आफ्नो शुरुको र बीचको (सुरेशप्रसाद, प्रमोदकुमार, अक्ष्यलालप्रसाद) उल्लेख गरेको देखिन्छ । नाम उल्लेख गर्ने सन्दर्भमा विभिन्न व्यक्तिहरूले आफ्नो नाम विभिन्न तरिकाले उल्लेख गर्ने गरेको पाइन्छ । कतिपय व्यक्तिले थर लेख्ने र कतिपय व्यक्तिले थर नलेख्ने गरेकै कारणले निजहरूले उल्लेख गरेको नाम स्वयंमा गलत भयो भनी अनुमान गर्नसक्ने अवस्था समेत हुँदैन । प्रस्तुत मुद्दामा स्थानीय व्यक्ति एवं स्थानीय वडा सचिव होइनन् भनी निवेदकले जिकीर लिन सकेको अवस्था समेत नहुँदा थर उल्लेख नगरेकै कारणले तामेली वेरीतको भयो भनी भन्न सक्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल पुस १९ गते रोज १ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०३९८, बाटो हक कायम समेत, *जलकृष्ण श्रेष्ठ समेत वि. तीर्थमाया श्रेष्ठ*

नक्साको समग्र अध्ययनबाट वादीका दाता शुभद्रा श्रेष्ठले वादी तीर्थमायालाई कि.नं. ३०२ को जग्गा वकसपत्र गरी दिँदा वकस गरिदिएको जग्गासम्म पुग्ने ९ फीट चौडाईको बाटोसहितको जग्गाको स्वामित्व हस्तान्तरण गरेको रहेछ भन्ने देखियो । नक्सामा उल्लेख भएको न.नं. ५ को ३ फीट चौडाईको गोरेटो समेत जोड्दा ९ फीटभन्दा बढी हुन जान्छ भन्ने पुनरावेदन जिकीरसम्बन्धमा पनि उक्त जग्गा वादीका दाता शुभद्रा श्रेष्ठको हक स्वामित्वमा नभई प्रतिवादी जलकृष्ण श्रेष्ठको नामको दर्ताको जग्गाभित्रको देखिएको हुँदा उक्त जग्गाबाट वादीले कुनै हक प्राप्त गर्न नसक्ने भएकोले यी वादीका जग्गा दाताले आफ्नो हकभित्रको जग्गाबाट ९ फीट चौडाइको बाटोको अधिकार दिएको मान्नुपर्ने हुँदा वादीका दाता शुभद्रा श्रेष्ठको हक स्वामित्वको जग्गाभन्दा बाहिरको जग्गा समेत जोडी लिखतभन्दा बढी भयो भन्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटर : धनबहादुर गुरुङ
इति संवत् २०६६ साल पुस १३ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६० सालको दे.पु.नं. ८८९८ निषेधाज्ञा, तीर्थमाया श्रेष्ठ वि. जलकृष्ण श्रेष्ठ समेतको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ८३७३, निषेधाज्ञा, *प्रेमकुमार श्रेष्ठ वि. जिल्ला प्रशासन कार्यालय सप्तरी समेत*

विवादित जग्गाको सम्बन्धमा मालपोत कार्यालय सप्तरीको मिति २०५१।३।३० को निर्णयबमोजिम मालपोत ऐन, २०३४ को दफा ७(२) अनुसार सरकारी सार्वजनिकमा दर्ता गर्ने निर्णय गरी दर्ता भएको अभिलेख क्षेत्रीय किताब उतारमा जनाउन आदेश समेत गरेको देखिन्छ । सो आदेश बदर नभै यथास्थितिमा रहेको अवस्था एकातर्फ छ भने अर्कोतर्फ यसबाट विवादित जग्गा निवेदकको निर्विवाद हकको निजी गुठीको जग्गा भनी मान्न दर्ता स्रेस्तालगायतका प्रमाणको अभाव देखियो । धर्मदत्त कोइरालाको उजूरी दरपीठ भएको आधारले मात्र पनि उक्त जग्गामा स्वतः निवेदकको हक सृष्टि भएको भनी अर्थ गर्न न्यायको र कानूनको रोहमा मिलेन । मालपोत कार्यालयले विवादित जग्गालाई सार्वजनिक कायम गर्ने निर्णय गरेउपर निवेदकले छुट्टै कानूनी उपचारको मार्ग अवलम्बन गर्नसक्ने नै हुन्छ । मालपोत कार्यालयको उक्त निर्णय बदर वा उल्टी नभएसम्म यस विषयमा यो निषेधाज्ञाको निवेदनको रोहबाट न्याय निरोपण गर्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटर : धनबहादुर गुरुङ
इति संवत् २०६६ साल माघ २६ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६१ सालको रिट नं. २६८०, उत्प्रेषणयुक्त परमादेश समेत, *प्रेमकुमार श्रेष्ठ वि. मालपोत कार्यालय सप्तरी समेत*

निवेदकले निवेदनमा उठाएको विवादित जग्गाको सम्बन्धमा मालपोत कार्यालयको निर्णयउपरको पुनरावेदन विचाराधीन भएको भन्ने निवेदन लेखबाट नै उल्लेख भएको पाइँदा निवेदकले दावी गरेको विषयमा सोही मुद्दाबाट न्याय निरोपण हुने नै हुँदा यस अदालतको असाधारण अधिकारको क्षेत्रको प्रयोग गरी हस्तक्षेप

गर्न मिल्ने नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटर : धनबहादुर गुरुङ
इति संवत् २०६६ साल माघ २६ गते रोज ३ शुभम् ।

४

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ८३०२, भुक्तानी दायित्व पूरा गराई पाऊँ, *रतनलाल अग्रवाल वि. नेपाल बिटुमिन तथा व्यारेल उद्योग कार्यालय अमलेखगञ्ज समेत*

वादीले दावीअनुसारको पूरै रकमको काम सम्पन्न गरेको हो भन्ने कुराको प्राविधिक प्रतिवेदन लगायतका भरपर्दो एवं ठोस प्रमाण प्रस्तुत गर्न सकेको नदेखिँदा प्राविधिकको रिपोर्टमा समेत आधारित भई प्रतिवादी कम्पनी सञ्चालक समितिको ८५ औँ बैठकको निर्णयलाई आधार मान्नुपर्ने हुन आयो । तसर्थ सो निर्णयले स्वीकार गरेको भन्दा बढी रकमको वादी दावी पुग्न सक्ने देखिएन । प्रतिवादी कम्पनीको उक्त ८५ औँ बैठकको निर्णयबाट वादीलाई कूल ठेक अङ्क १,३६,१६,१४८।- मा रु. १६,७२,६९५।१७ थप गरी जम्मा रु.१,५२,८८,८४३।१७ भुक्तानी दिने भनी कबुल गरेको देखिन्छ । सो रकमको हदसम्म वादी दावी पुग्ने ठहर्छ । सो ठहर्नाले वादीले भुक्तानी पाउने रकममध्ये प्रतिवादी सञ्चालक समितिको १५९ औँ बैठकबाट स्वीकृत रकम रु.१,४७,१३,३२८।६२ भुक्तानी पाइसकेको भनी वादीले स्वीकार गरेको देखिंदा भुक्तानी हुन बाँकी रकम रु.५,७५,५१४।५४ प्रतिवादीले वादीलाई भुक्तानी दिनुपर्ने ठहर्छ । शुरु बारा जिल्ला अदालतबाट वादी दावी नपुग्ने गरी भएको निर्णयलाई सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको २०५७।९।१० को निर्णय सो हदसम्म नमिलेको हुँदा उल्टी हुने ।
इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटर : धनबहादुर गुरुङ
इति संवत् २०६६ साल पुस १३ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री रणबहादुर बम,** २०६० सालको दे.पु.नं. ९२२४, दर्ता बदर, *हरिनारायण मिश्र वि.रामसोभित मण्डल*

इनार ऐतिहासिक रुपमा परिचित भई सार्वजनिक रुपमा प्रयोग भएको भन्ने तथ्य स्थापित देखिन्छ । कि.नं. ३० को जग्गाको दर्ता बदर गरी पूरै जग्गा सार्वजनिक कायम गर्ने पुनरावेदन अदालतबाट फैसला मिलेकै देखियो । कि.नं. ३१ को हकमा इनारभन्दा उत्तरको जग्गाको प्रतिवादीले घर बनाई भोग गरी रहेको तथा २००३ सालको बण्डापत्रमा समेत उक्त घर जग्गा उल्लेख भएको पाइँदा इनारभन्दा उत्तरको जग्गालाई सार्वजनिक भन्न मिल्ने नदेखिएकोले कि.नं. ३१ को जग्गामध्ये कि.नं. ३० को जग्गा सीधै पूर्वको जग्गा सार्वजनिक प्रकृतिको जग्गा देखिँदा उक्त जग्गासम्मलाई सार्वजनिक कायम हुने ।
इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः धनबहादुर गुरुङ
इति संवत् २०६६ साल माघ १० गते रोज १ शुभम्

- यसै लगाउको २०६० सालको दे.पु.नं., ९२२५ दर्ता बदर, *हरिनारायण मिश्र वि.रामसोभित मण्डल* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

६

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री रणबहादुर बम,** २०५८ सालको दे.पु.नं. ७७३१, जग्गा खिचोला, *महावीर साह वि. गुदी देवी सरदार्नी*

प्रतिवादीले नै वादीलाई कि.नं. २०५ को ०-०-१४ धुर ससीमै कित्ता विक्री गरेको भन्ने तथ्यमा विवाद नहुँदा जग्गा दाताले खरीदकर्तालाई विक्री गरिदिएको जग्गा नपुऱ्याई आफ्नो जग्गा घटी भयो भनी विक्री गरेको जग्गामा दावी गर्न मिल्ने हुँदैन । वादीले खरीद गरी लिएको कि.नं. को जग्गा ट्रायल चेकबाट हालसम्म यथावत कायम रहेको समेत देखिन्छ भने प्रतिवादीको जग्गा ट्रायल चेकबाट घट्न गएको पाइन्छ । झगडा जनिएको

जग्गा वादीको जग्गामा समावेश गर्दा वादीको जग्गा स्रेस्ताअनुसार मिल्न जाने देखिएकोले विवादित नं.नं. ४ को झगडा जनिएको जग्गा वादी दावीको जग्गा पुष्टि हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल पुस २६ गते रोज १ शुभम्

७

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री रणबहादुर बम,** २०६० सालको दे.पु.नं. ९४८८, हक कायम, *मालपोत कार्याय धनकुटा वि. प्रेमबहादुर कुँवर*

दाखेल खारेज समेत नभएको घरसारको लिखतलाई पुष्टि गर्ने अन्य विश्वासप्रद एवं अकाट्य प्रमाण प्रस्तुत हुन सकेको नदेखिँदा नापीको समयमा खोला भनी जनिएको जग्गालाई निजी जग्गा रहेछ भनी मान्न नमिल्ने ।

दाखेल खारेजसम्म नभएको एकमात्र घरसारको लिखतलाई जग्गाको स्वामित्वको विश्वासप्रद प्रमाणको रुपमा ग्रहण गर्न नसकिने हुँदा त्यस्तो लिखतमा उल्लिखित चार किल्ला मिले भिडेको भन्नुको कुनै प्रमाणिक महत्व हुने भएन । साँध सीमानामा भएको निजी जग्गाको आधार लिई नापीको समयमा खोला भनी जनिएको जग्गालाई दूषित रुपमा जोत भोग गरेको भन्ने आधारले वादीको हकको सिर्जना भएको मान्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल माघ १० गते रोज १ शुभम्

८

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री रणबहादुर बम,** २०६३ सालको CI-०७५४, मोही लगत कट्टा, *सुरेशकुमार चौधरी वि. शनिलाल माझी*

जग्गाधनीले तोकिएको अधिकारीसमक्ष कानूनको म्यादभित्र सूचना नदिएको र सूचना गरेको भनी वादीले दावी लिन पनि नसकेको साथै जग्गाधनीको सूचनाको आधारमा तोकिएको अधिकारीले दर्तावाला मोहीको दर्ता किताव सच्याएको समेत पाइदैन । कानूनद्वारा निर्धारित वाध्यात्मक कार्यविधिको अनुशरण नगरी विधिसम्मत रुपमा स्थापित मोहीको लगत कट्टा गर्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल माघ १५ गते रोज ६ शुभम्

९

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री रणबहादुर बम,** २०६० सालको दे.पु.नं.९६५६, फैसला बदर, राम *खेलावन खत्वे वि.कृष्णकला खंग*

मुलुकी ऐन अ.वं. १३९ नं. बमोजिम बुझिएको व्यक्तिले अदालतमा वयान गरिसकेपछि मात्र निज प्रतिवादी कायम हुने नहुने अदालतले निर्णय गर्नुपर्ने ।

रीतपूर्वक म्याद तामेल नभएको कारणले आफ्नो कुरा अदालतमा भन्न नपाएको स्थिति र निजलाई विधिवत मुद्दाको पक्ष कायम भइनसकेको अवस्थामा जुन फैसलाबाट आफ्नो सम्पत्ति अपहरण भएको छ त्यो फैसलाविरुद्ध अ.वं. ८६ नं. प्रयोग गरी फैसला बदरमा मुद्दा दिन पाउने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल पुस २६ गते रोज १ शुभम्

९

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री रणबहादुर बम,** २०६० सालको दे.पु.नं. ९६५५, अंश दपोट, *राम खेलावन खत्वे वि. रामजीवन खंग समेत*

निजी आर्जनबाट खरीद गरेको सम्पत्ति तायदातीमा उल्लेख नभएको आधारमा मात्र दपोट हुनुपर्छ भन्न नमिल्ने ।

फिराद दायर गरेर मात्र वादीको दायित्व पूरा हुने नभै सबूद प्रमाण पेश गर्ने दायित्व पनि निजमाथि नै रहने हुन्छ ।

प्रतिवादीमध्येका रामजीवनले लामो अवधिदेखि रेञ्जर पदमा सरकारी सेवा गरेको र

सरकारी सेवाकै सिलसिलामा जम्मा गरेको सञ्चय कोषको रकमबाट विवादित जग्गा खरीद गरेको देखिएको तथा प्रतिवादी कृष्णकलाले आफूले काम गरेको इन्डष्ट्रिजबाट प्राप्त पारिश्रमिक र लाभाशंको रकमबाट खरीद गरेको भन्ने देखिँदा त्यस्तो सम्पत्तिलाई निजहरूको निजी आर्जन मान्नु पर्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल पुस २६ गते रोज १ शुभम्

१०

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला,** २०६२ सालको दे.पु.नं. ८१४५, स्रेस्ता बदर, दर्ता बदर, *रामस्वरुप चौधरी वि. केवल महतो*

सुकुम्वासी समस्या समाधान आयोगको मिति २०५५।७।१७ को निर्णयको आधारमा मिति २०५५।८।४ मा यी वादीले उक्त विवादित जग्गाको जग्गाधनी प्रमाणपूर्जा पाएको निर्णय अन्यथा गर्नु नपर्ने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल पुस २ गते रोज ५ शुभम्

यसै लगाउका देहायका मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- संवत् २०६२ सालको दे.पु.नं. ८१४३, स्रेस्ता बदर, दर्ता बदर, *रामस्वरुप चौधरी वि. केवल महतो*
- संवत् २०६२ सालको दे.पु.नं. ८१४४, जग्गा खिचोला चलन समेत, *रामस्वरुप चौधरी वि. केवल महतो*

११

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला,** २०६० सालको दे.पु.नं. ८९०२, निर्णय बदर, *सूर्यकुमार विमली वि. गुठी संस्थान के.का. समेत*

कुनै निकायले कानूनबमोजिम आधिकारिक रुपमा कुनै विवादमा एउटा निर्णय गरी सो निर्णयको कार्यान्वयन भइसकेको अवस्थामा सोही निकायबाट सोही विवादको समान तथ्यमा फरक र विपरीत परिणाम निस्कने गरी पुनः निर्णय गर्न नमिल्ने ।

एउटै विवादमा एउटै निकायबाट पटक-पटक, फरक-फरक निर्णय गर्ने हो भने न्यायिक अन्तिमता नभई न्यायिक अनिश्चितताको सिर्जना हुन पुग्ने ।

गुठी संस्थान ऐनमा भएको कानूनी प्रावधानको आधारमा नेपाल सरकारको स्वीकृति समेत नलिई राजगुठीअन्तर्गत आफ्नो स्वामित्वमा रहेको गुठीलाई गुठी संस्थान केन्द्रीय कार्यालयले आफ्नो स्वामित्व त्यसै छाड्न नमिल्ने हुन्छ । विधायिकाले उल्लिखित कानूनी प्रावधान राख्नुको मनसाय राजगुठीअन्तर्गतका सम्पत्तिको संरक्षण र रेखदेख संस्थानले नै व्यवस्थित रुपमा गर्नुपर्ने ।

गुठीको सम्पत्तिको संरक्षण गर्नुको सट्टा स्वामित्व नै निजी गुठीअन्तर्गत वा अन्य कुनै किसिमबाट छाडी गुठी संस्थान आफ्नो दायित्व एवं कर्तव्यबाट विमूख हुन नपाउने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६६ साल फागुन ९ गते रोज १ शुभम्

यसै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- संवत् २०६० सालको दे.पु.नं. ८९००, निर्णय बदर, *रमेश महर्जन वि. गुठी संस्थान के.का. समेत*
- संवत् २०६० सालको दे.पु.नं. ८९०१, निर्णय बदर, *टीकादेवी विमली वि. गुठी संस्थान के.का. समेत*

१२

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६१ सालको दे.पु.नं. ८२८७, छूट जग्गा दर्ता, *मालपोत कार्यालय काभ्रेपलाञ्चोक वि. कर्णबहादुर श्रेष्ठ*

नापीका बखत २०३२ सालमा भीर पर्ति जनिएपछि समयमै उजूर गरी निर्णय बदर गराउन

पहल नगरी आफ्नो हक अधिकारप्रति सचेत नहुने निवेदकलाई अदालतले सहयोग गर्न नसक्ने ।

इजलास अधिकृतःभोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल फागुन ३ गते रोज २ शुभम्

१३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं.३५७७, उत्प्रेषण, *रामानन्द छिपी वि. पुनरावेदन अदालत बुटवल समेत*

निवेदक रामानन्द छिपीले कपिलवस्तु जिल्ला कृष्णनगर गाउँ विकास समिति वडा नं. ३ कि.नं. ३२४ को घर जग्गा आफ्नो स्वआर्जनको भनी प्रमाण प्रस्तुत गरेको र आफू एकासगोलमा रहे बसेको छैन भनी विवाद सिर्जना गरेको अवस्था र निवेदकका दाजु हरिश्चन्द्रका छोरा अंकुरप्रसाद छिपीका नाउँमा अचल सम्पत्ति देखिएको अवस्थामा सर्वप्रथम निजका छोराहरूको नाउँको सम्पत्ति जायजात दायदात गरी विगो असूलउपर गर्नुपर्नेमा सो प्रक्रिया अवलम्बन नै नगरी निवेदक रामानन्द छिपीको नामको घर जग्गा लिलाम गर्न लागेको प्रक्रिया कानूनसम्मत नहुँदा सो सम्पूर्ण प्रक्रिया र आदेश समेत बदर हुने ।

इजलास अधिकृतःउद्धवप्रसाद गजुरेल

कम्प्युटरःरानु पौडेल

इति संवत् २०६६ साल फागुन २५ गते रोज ३ शुभम्

१४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. ९११४, परमादेश, *गीतादेवी मरोडिया वि. राष्ट्रिय वाणिज्य बैंक के.का. समेत*

निवेदकका पतिले थप सुरक्षणबापतमा जग्गा धितो राखी दिएको फर्म नै २०४६ सालमा समूहकृत भई मित्तल समूहमा आवद्ध भएको हुँदा उक्त फर्महरू मित्तल समूहअन्तर्गत पर्ने देखिन्छ भने मित्तल समूहमा आवद्ध भएका फर्मका प्रोपाइटरहरूले समूहअन्तर्गत प्रत्येक इकाइहरूले लिए खाएको ऋणमा प्रत्येक इकाइहरूले एक्लै वा संयुक्त रुपले पूर्णतः जिम्मेवारी लिने सहमति भई समूहकृत भएको देखिँदा मित्तल समूहले बैकलाई तिर्न बाँकी रहेको ऋणमा मित्तल समूहसँग आवद्ध निवेदकको पतिले जमानत दिएको इकाइको कुनै दायित्व रहँदैन भन्न नमिल्ने ।

इजलास अधिकृतःहरिश्चन्द्र इङ्नाम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६६ साल माघ २६ गते रोज ३ शुभम्

१५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३४९९, उत्प्रेषण, *कान्छाभाई सुवाल वि. कृष्णबहादुर सुवाल समेत*

निवेदकले मेरो नाममा मोही नामसारी गरिपाऊँ भनी दावी लिएको जग्गा नै मोही नामसारी गरिपाऊँ भनी निवेदकका दाजुले भूमिसुधार कार्यालयमा वादी भई दिएको मुद्दामा मोही नामसारी नहुने फैसला भई पुनरावेदन अदालतबाट समेत भूमिसुधार कार्यालयको फैसला सदर भई सो जग्गाको मोही लगतसमेत कट्टा भइसकेको देखिन्छ । सो जग्गा मेरो नाममा नामसारी हुनुपर्ने भनी कान्छाभाइले दावी लिएको हुँदा निवेदकको पिताको नामबाट मोही नामसारी नहुने ठहर भई अन्तिम भएको अवस्थामा सोही विषयमा यी निवेदकले मुद्दा दायर गर्न खाजेको अवस्थामा विपक्षी कार्यालयबाट भएको आदेशमा कानूनको प्रत्यक्ष त्रुटि भएको नदेखिने ।

इजलास अधिकृतःहरिश्चन्द्र इङ्नाम

कम्प्युटरः अमिरत्न महर्जन

इति संवत् २०६६ साल माघ २६ गते रोज ३ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २६३ सालको रिट नं. ३३४२, उत्प्रेषणयुक्त परमादेश, *जगतबहादुर डंगोल वि. शिक्षक सेवा आयोग भक्तपुर समेत*

तालिमको अङ्क नदिएकोमा निवेदक रामकृष्ण प्याकुरेल समेत विरुद्ध शिक्षक सेवा आयोग, सानोठिमी समेत भएको ०६२ सालको रि.नं. २७७४ को उत्प्रेषण मुद्दामा मिति ०६४।७।२१ मा तालिमबापतको अङ्क समेत जोडी पुनः नतिजा प्रकाशित गर्न रिट समेत जारी भएको देखिँदा विपक्षी शिक्षक सेवा आयोगले शिक्षक सेवा आयोग नियमावलीको नियम ३१(१)(ख) को व्यवस्थाविपरीत निवेदकले प्राप्त गरिसकेको तालिम बापतको अङ्क कुनै कारण उल्लेख नगरी निवेदकलाई तालिमबापत पाउने अङ्क नदिने गरी गरेको मिति २०६२।१२।९ को निर्णय स्वेच्छाचारी देखिन आई समानताको हकविपरीत समेत हुँदा विपक्षी शिक्षक सेवा आयोगको मिति २०६२।१२।९ को निर्णय र मिति २०६२।१२।११ को गोरखापत्रमा प्रकाशित बढुवासम्बन्धी संशोधित सूचना समेत विधिसम्मत नदेखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकले शिक्षक सेवा आयोग नियमावलीको नियम ३१(१)(ख) बमोजिम तालिमबापत पाउने अङ्क समेत जोडी निवेदक समेतलाई उम्मेदवारको रुपमा समावेश गरी पुनः नतिजा प्रकाशन गर्नु भनी बढुवा समितिको नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति सम्वत् २०६६ साल पुस २८ गते रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा यसै अनुरूप निर्णय भएका छन्:

- २०६३ सालका रिट नं. ३३४०, उत्प्रेषणयुक्त परमादेश, *हरिबहादुर पाण्डे वि. शिक्षक सेवा आयोग भक्तपुर*
- २०६३ सालका रिटनं. ३३४१, उत्प्रेषणयुक्त परमादेश, *शिवप्रसाद भण्डारी वि. शिक्षक सेवा आयोग भक्तपुर*
- २०६३ सालको रिट नं. ३३४३, उत्प्रेषणयुक्त परमादेश, *चन्द्रबहादुर थापा वि. शिक्षक सेवा आयोग भक्तपुर*

२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. ०६९४, उत्प्रेषणमिश्रित परमादेश, *काजीमान लामा वि. पुनरावेदन अदालत पोखरा समेत*

कानूनसम्मत ढंगले कि.नं. १८०६ बाट विगो भराउने कारवाही चलिरहेकोमा त्यसलाई अवरुद्ध गर्ने गरी जिल्ला अदालतबाट भएको आदेश र त्यसलाई सदर गर्ने गरी पुनरावेदन अदालत पोखराबाट भएको आदेश समेत दण्ड सजायको २६ नं. विपरीत भई त्रुटिपूर्ण देखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल माघ १५ गते रोज .. शुभम् ।

**३**

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६३ सालको दे.पु.नं. ८८२२, *अंश चलन, सुरेन्द्र चौधरी वि. भीखम दास चौधरी समेत*

फैसलाको अन्तिमता (Finality of Judgment) को सिद्धान्तले मुद्दाको रोहबाट पहिला फैसला भइसकेको मुद्दाको तथ्यभित्र प्रवेश गरी पुनः उक्त फैसलाको गुण दोषमाथि विचार गर्न मिल्ने देखिंदैन । पहिला भैसकेको फैसलाबाट कुनै तेस्रो व्यक्तिको हकहितमाथि विपरीत असर परेको भए सो फैसला बदर गराई माग्न सक्ने पनि कानूनी व्यवस्था छ । तर कुनै मुद्दाको पक्ष कायम भैसकेको व्यक्तिले सो मुद्दाको फैसला स्वीकार गरी चित्त बुझाई बसिसकेपछि पुनः अर्कै मुद्दाबाट पहिला भएको फैसलाको औचित्य (Merit) माथि प्रश्न उठाउन र सोसम्बन्धी जिकीर लिन नमिल्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल पुस २२ गते रोज ४ शुभम् ।

**इजलास नं. १०**

१

**मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या. श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ९३४५, करार भंग क्षतिपूर्ति, *महेश हमाल वि. जीवनकुमार समेत*

करारमा नै मध्यस्थद्वारा विवाद समाधान गराउने भनी शर्त उल्लेख भई सम्झौता भइसकेको अवस्थामा सम्झौताको अन्तर्विषयको विवाद अदालतमा पुऱ्याउन मिल्दछ र अदालतले क्षेत्राधिकार ग्रहण गर्न मिल्दछ भन्ने उक्त सम्झौता तत्काल बहाल मध्यस्थता ऐन, २०३८ को प्रतिकूल हुन जाने ।

करारमा विवाद उत्पन्न भएमा विवाद समाधान गराउन मध्यस्थताकै प्रक्रिया अपनाउनु पर्ने, करार गर्ने पक्षहरूले अदालतको क्षेत्राधिकारबाट बहिरगमन गर्न सक्दछन् । प्रचलित मध्यस्थ कानून र प्रचलित कानून समेत अनुकूल विवाद समाधान मध्यस्थताद्वारा गराउने गरी करार गरेमा त्यस्तो करारका पक्षले आफूले गरेको करारविपरीत अदालतमा फिराद गर्न सक्दैनन । मध्यस्थको क्षेत्राधिकारमा परेका विषय फिरादका माध्यमले सामान्य अदालतमा प्रवेश हुन नसक्ने ।

इजलास अधिकृत : दीपक ढकाल

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६६ साल माघ १७ गते रोज १ शुभम् ।

- यस्तै प्रकृतिको २०६२ सालको दे.पु.नं. ९४७१, लगानी भएको चालु पूँजी एवं ऋण रकम, *जीवनकुमार नेपाल वि. महेश हमाल समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२

**मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या. श्री प्रकाश वस्ती** २०६१ सालको दे.पु.नं. ९१६१, हक कायम, *नानीछोरी कपाली समेत वि. मदनेश्वरानन्द बैद्य समेत*

वादीहरूका पिता पुर्खाका पाला लगभग डेढ शताब्दी अर्थात १५० वर्षभन्दा पनि अगाडिदेखि विवादित घर भोग गरिआएको अवस्थामा भोग गर्ने अधिकारबाट कसैलाई यथेष्ट र भरपर्दो प्रतिकूल प्रमाणबिना नै बञ्चित गरिन्छ भने त्यस्तो कार्य चीरभोगको सिद्धान्तको प्रतिकूल हुन जान्छ । पिता पुर्खाको पालादेखि निरन्तर रुपमा विवादित घर आफ्नै नाममा धारा बत्ती समेत जडान गरी भोग गरी आएको देखिएको र त्यस्तो चीरकालको भोगलाई अन्यथा गर्न सकिने खालका प्रतिवादी पक्षबाट प्रमाण गुजार्न नसकेबाट विवादित कि.नं. १४४ को क्षेत्रफल ०-१-३-३ मध्येबाट पश्चिमतर्फको न.नं. ६ को क्षे.फ. ०-१-२-० जग्गामा बनेको घर वादीहरूको हक भोगको देखिँदा सो हदसम्म वादी दावी पुग्ने ।

इजलास अधिकृत : दीपक ढकाल

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६६ साल माघ १७ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६१ सालको दे.पु.नं. ९१६०, *नानीछोरी कपाली समेत वि. मदनेश्वरानन्द बैद्य समेत भएको* फैसलामा यसैअनुरूप निर्णय भएको छ ।

३

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री प्रकाश वस्ती** दे.पु.नं. १००४२, अंश चलन, *सवमुद्दिन मिया समेत वि. सफिद रहमान मिया समेत*

२०२१ सालभन्दा अघि नै छुट्टि भिन्न भैसकेको भन्ने कुराको आधिकारिक लिखत प्रमाण प्रतिवादीहरूले पेश गर्न सकेको पाइएन । व्यवहार प्रमाण तथा वादी पक्षको बाबु हमिद मिया र प्रतिवादी पक्षका आमा सतनी, प्रतिवादी हविबुल, सफर समेतले भूमि प्रशासन कार्यालयमा भरेको ७ नं. फाँटवारीबाट पनि नरम करम मिलाई जग्गाको फाँटवारी भरेको नदेखिनुका अतिरिक्त वादी पक्षको नाउँमा यो यति सम्पत्ति घरसारमा नै अंशवण्डा

भई विक्री व्यवहार तिरो भरो अलग अलग बसी भएको भन्ने कुराको पुष्टि हुन सकेको नदेखिंदा वादी र प्रतिवादीहरू एकासगोलका अंशियार देखिन आएकोले वादी पक्षले प्रतिवादी पक्षबाट अंश पाउने ।

इजलास अधिकृत : परशुराम भट्टराई

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६६ साल फागुन १८ गते रोज ३ शुभम्

४

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ८३००, टहरा भत्काई बाटो कायम, *सीरकुमारी गुरुङ वि. मीनबहादुर खत्री समेत*

मिति २०५९।१०।२ मा भएको नक्सा मुचुल्का हेर्दा न.नं. ३ अर्थात् कि.नं. ११२७ को बाटो वादी समेतको साझा बाटो देखिन आएकोमा सो बाटो हालसम्म नापी शाखाले तयार पारेको नक्सा ट्रेसअनुसार पनि यथावत साविक अवस्थामा रहेको देखिन्छ । सो नं. नं. ३ को बाटो वादी दावीअनुसार नं. नं. ८ को चक्रपथ ट्रयाक रोडमा प्रतिवादीको कि.नं. ११२८ को जग्गा भएर जानसक्ने अवस्था वादीले पेश गरेर दावी गरेको प्रमाण तथा नापी शाखाबाट तयार भएको नक्सा प्रकृतिबाट पनि प्रष्ट हुन सकेको देखिंदैन । अर्थात् नं.नं. ३ को बाटोको पूर्व कि.नं. १४५ अर्थात नं.नं. ९ को अन्य व्यक्तिको जग्गा देखिन्छ र सो जग्गा भई नं.नं. ८ को ट्रयाक रोडमा न.नं. ३ को बाटो गएको रेखाङ्कन समेत नक्सा ट्रेसमा देखिएन । प्रतिवादीले आफ्नो कि.नं. ११२८ को जग्गामा मात्र न.नं. १, २ र ४ मा टहरा निर्माण गरेको देखिएको र सो टहराले न.नं. ३ को बाटो मिचेको अवस्था नदेखिने ।

इजलास अधिकृत : परशुराम भट्टराई

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६६ साल फागुन १८ गते रोज ३ शुभम्

५

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३८१२, उत्प्रेषणयुक्त परमादेश, *राजेश गौतम वि. प्रशासकीय अदालत समेत*

अगाडि सोधिएका स्पष्टीकरण हेर्दा कहिले शाखा अधिकृतले सोध्ने कहिले निर्देशकले सोध्ने गरी गैरक्षेत्राधिकारका पदाधिकारीबाट सोधिएकाले त्यस्तो गैरक्षेत्राधिकारका पदाधिकारीबाट सोधिएको स्पष्टीकरणले कानूनी मान्यता पाउने देखिएन । अगाडिका स्पष्टीकरणले कानूनी मान्यता नपाउने भई निष्क्रिय भएपछि सेवाबाट हटाउने जस्तो गम्भीर कारवाही महानिर्देशकले २०६०।७।२४ मा सोधेको एउटा मात्र स्पष्टीकरणको आधारमा गर्नु प्राकृतिक न्यायको सिद्धान्त र कानूनी प्रक्रियासँग समेत नमिल्ने ।

लोक सेवा आयोगको परामर्श लिंदा रिट निवेदकउपर निजामती सेवा ऐन, २०४९ को दफा ५९क(२) अनुसार एक तलब वृद्धि रोक्का गर्ने सजाय प्रस्ताव गरी परामर्श माग गरेकोमा सजाय गर्दा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरेकोमा प्रस्तावित सजायभन्दा चर्को सजाय गर्न पाउने गरी कानूनद्वारा निर्णय गर्न पाउने अधिकारीलाई ऐनले उन्मुक्ति प्रदान गरेको नदेखिँदा प्रत्यक्ष कानूनी त्रुटिपूर्ण देखिने ।

निवेदकलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१(१) च को कसूरमा सोही ऐनको दफा ५९(ख)१ बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी नापी विभागका महानिर्देशकबाट मिति २०६१।२।५ मा भएको निर्णय तथा सो निर्णयलाई सदर गर्ने गरी प्रशासकीय अदालतले मिति २०६२।२।५ मा गरेको फैसला समेत कानूनविपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : उद्धव गजुरेल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल फागुन २५ गते रोज ३ शुभम्

६

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३७४७, उत्प्रेषण,

परमादेश, *मनोज पौडेल वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

अनाधिकार निकायबाट दिएको निर्देशन वा निर्णयलाई शिरोधार्य गरी सोलाई एक मात्र आधार बनाई निर्णय गर्दा निर्णयकर्ताको विवेक शून्यमा परिणत हुन जाने हुँदा निवेदकलाई अनाधिकार निकायको आदेशबाट उत्प्रेरित भई सेवाबाट हटाउने गरी गरिएको कार्य उक्त शिक्षा नियमावलीको नियमअनुकूल नदेखिएकाले निवेदकलाई सेवाबाट हटाउने मिति २०६२।१।२९ को निर्णय सोसँग सम्बन्धित पत्राचार गर्ने लगायतका सम्पूर्ण कार्यहरू उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदकलाई पूर्ववत् सेवामा पुर्नबहाली गरी कानूनबमोजिम निजले पाउने सम्पूर्ण पारिश्रमिक तथा सुविधा समेत दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : उद्धव गजुरेल

इति संवत् २०६६ साल फागुन २५ गते रोज ३ शुभम्

- यस्तै प्रकृतिको २०६५ सालको रिट नं. ३७०९, *सोमनाथ वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत* भएको मुद्दामा यसैअनुरूप फैसला भएको छ ।

७

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६० सालको रिट नं. ३४६५, उत्प्रेषण, *शिवमंगलप्रसाद शाह तेली वि. पुनरावेदन अदालत हेटौंडा समेत*

अ.वं. ११० नं. ले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य र स्थानीय भलाद्मी दुई जना रोहवरमा राखी तामेल गर्नुपर्ने व्यवस्था गरेको अवस्थामा यी निवेदकका नाममा जारी भएको रौतहट जिल्ला अदालतको मिति २०६०।३।१ को सूचना म्यादको मिति २०६०।३।८ मा भएको तामेलीलाई रीतपूर्वकको तामेली मान्न नमिल्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

इति संवत् २०६६ साल पुस १२ गते रोज १ शुभम् ।

८

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री भरतराज उप्रेती,** २०६० सालको रिट नं. ०९४७, उत्प्रेषण समेत, *डा. हरिश्चन्द्र उप्रेती वि. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान बीर अस्पताल समेत*

निवेदकलाई प्राज्ञिक परिषद्ले छनौटमा उम्मेदवार हुन प्रतिबन्ध लगाएको भन्ने प्रश्नतर्फ विचार गर्दा निवेदकले प्राप्त गरेको शैक्षिक उपाधिलाई त्रि.वि.विबाट MD/MS सरहको मास्टर्स तहको शैक्षिक उपाधिको रुपमा मान्यता प्रदान गरिसकेको र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको शिक्षक सेवाका शर्त तथा सुविधासम्बन्धी नियमावली, २०६४ को नियम ५ सँग सम्बन्धित अनुसूची २(ग) मा सहप्राध्यापकको लागि ३ वर्षको MD/MS शैक्षिक उपाधि हासिल गरेको हुनुपर्ने भनी कहीँ कतै उल्लेख नभएको अवस्थामा नियमावलीभन्दा बाहिर गै एक पटक त्रि.वि.बाट मान्यता प्राप्त गरिसकेको शैक्षिक उपाधिलाई अन्यथा हो भनी मान्न सकिने अवस्था देखिन आएन । तसर्थ निवेदन माग दावीबमोजिम कायम रही रहेको मान्यता प्राप्त शैक्षिक योग्यतालाई निर्धारित शर्तअनुरूपको योग्यता नभएको भनी शिक्षक छनौटको उम्मेद्वार हुनका लागि रोक लगाएको काम कारवाही कानूनसम्मत नहुँदा निवदेकको हकमा शिक्षक छनौट प्रतियोगितामा भाग लिन रोक नलगाई प्रतिष्ठानबाट हुने शिक्षक छनौट प्रतिस्पर्धामा भाग लिन दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः चन्द्रप्रकाश तिवारी

इति संवत् २०६६ साल फागुन १२ गते रोज ३ शुभम्

९

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. ०२५३, उत्पेषण समेत, *दिलकृष्ण श्रेष्ठ वि.स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकहरू अनुचित विलम्ब गरी रिट क्षेत्रमार्फत उपचारको लागि प्रवेश गरेको स्वास्थ्य

सेवा नियमावली, २०५५ मा भएको २०६१ सालको दोस्रो संशोधनले सहायक पाँचौ तहमा अ.हे.व. पद समेत रहने व्यवस्था गरेको हुँदा निवेदन मागबमोजिम सि.अ.हे.व. पदमा पद मिलान गरी पदस्थापना गर्न नमिल्ने ।

इजलास अधिकृतः चन्द्रप्रकाश तिवारी

इति संवत् २०६६ साल फागुन १२ गते रोज ३ शुभम्

१०

**मा.न्या. श्री मोहनप्रकाश सिटौला, मा.न्या. श्री सुशीला कार्की,** २०६१ सालको स.फौ.पु.नं. ३४१२, ३२२३, भ्रष्टाचार, *अम्बिकाप्रसाद उपाध्याय वि. नेपाल सरकार समेत*

महालेखा परीक्षकको मिति २०३९ सालको प्रतिवेदनको आधारमा प्रतिवादीहरू उपर भ्रष्टाचारमा कारवाही चलाइएको देखिन्छ । महालेखा परीक्षक एक संवैधानिक निकाय भएको र त्यस्तो जिम्मेवार निकायको वार्षिक प्रतिवेदनमा वेरुजु औंल्याई बेरुजू फछ्यौट गर्नु गराउनु पर्ने रकम भनी प्रतिवेदन पेश भएपछि सम्बन्धित अधिकारीबाट तदारुखका साथ बेरुजू रकम असूल गर्नेतर्फ आवश्यक पहल गर्नुपर्नेमा त्यसतर्फ उदासीन रही आफ्नो जिम्मेवारी पन्छाई महालेखा परीक्षकको प्रतिवेदनमा बेरुजू औंल्याइएका कुराहरूलाई मनोगत आधारमा भ्रष्टाचारजन्य कसूर हो भनी छानवीन र कार्यवाहीको लागि विशेष प्रहरी विभागमा लेखी पठाएको कार्य उचित देखिन नआउने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल माघ ५ गते रोज ३ शुभम् ।

## एकल इजलास

१

**मा.न्या. श्री रामकुमारप्रसाद शाह,** २०६६ सालको रिट नं. ०५३९, उत्प्रेषण परमादेश, *सुन्तली तामाङ वि. आपूर्ति मन्त्रालय समेत*

मालपोत कार्यालयको मिति २०६६।७।२० को निर्णयबाट साविक जग्गाधनी जीतमान तामाङको नाममा स्रेस्ता कायम रहेको र निजबाट यी निवेदिका सुन्तली तामाङले खरीद गरी हाल यी निवेदिकाको नाममा जग्गाधनी दर्ता प्रमाण पूर्जा र स्रेस्तासमेत रहेको देखिएको अवस्थामा मालपोत कार्यालयको कुन निर्णयबाट निवेदिकाको सम्पत्तिसम्बन्धी हकमा आघात परेको हो निवेदकले सो कुरा खुलाउन नसकेकोले प्रथम दृष्टिमा नै मालपोत कार्यालयले गरे बिराएको देखिन आएन । साथै दर्तावाला यी निवेदिकाको नामको दर्ता वा स्वामित्वमा कोही कसैबाट गैरकानूनी हस्तक्षेप भएको स्थितिमा सो सम्बन्धमा कानूनी उपचार लिनसक्ने अवस्था हुँदाहुँदै कुनै हक नै हनन् नहुँदै आफ्नै नाममा दर्ता स्रेस्ता कायम रहेको र जग्गाधनी प्रमाण पूर्जासमेत आफ्नो नै भएको अवस्थामा परेको रिट निवेदनमा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन पर्ने अवस्था नहुँदा प्रथमदृष्टिमा नै प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रसाद संजेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल पुस १७ गते रोज ६ शुभम् ।

२

**मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला,** २०६६-WO-०७३४, उत्प्रेषण, *बसन्तबहादुर श्रेष्ठ समेत वि. पुनरावेदन अदालत पाटन समेत*

मिति २०६६।५।१२ को लिलामी कारवाही पूरा हुन नसकी अर्को लिलामको तारेख तोकी लिलाम गर्नेतर्फ प्रक्रिया अगाडि बढाउने कार्यसम्म भएको लिलामी प्रक्रियागत कार्यबाट निवेदकहरूको मागअनुसारको संवैधानिक हकमा आघात पर्न गएको छ भन्ने स्पष्ट हुन नसकेको र त्यस्तो औचित्यहिन निवेदनमा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु पर्ने आवश्यकता समेत नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६६ साल फागुन ६ गते रोज ५ शुभम् ।